पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान
साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३३ अङ्क : ४२ २०७३ जेठ २८ गते शुक्रबार (June 10 , 2016) मूल्य रू. १०/-

## पूर्वराजा सडकमा निस्कने ?



काठमाडौं । आफूसँग भएका लिखित सहमति नै पालना नभएर चुपचाप देशको शान्ति र जनताको प्रगतिको प्रतिक्षा गरिरहेका पूर्वराजाले जेठ १ गतेदेखि आफूलाई जनतासामु उभ्याउने तैयारी थालेका छन् । अहिलेको खराव स्थितिमा सुधार आउन जरूरी छ, प्रजातन्त्रको आडमा सबै बर्ग, समुदाय र सिंगो राष्ट्रलाई समेटेर अघि बढ्नुपर्छ, जनता बढ्दो समस्याले धर्मराएको आफ्ना विभिन्न जिल्ला भ्रमणको क्रममा जनस्तरमा सुनेको र प्रत्यक्ष देखेको, आफूले जनहितका लागि भन्दै (बाँकी अन्तिम पेजमा)

# भद्र सहमतिको मान नराखे ओलीलाई फालिन्छ

काठमाडौं । दृश्य ९ बुँदे र अदृश्य ३ बुँदे भद्र सहमति यतिखेर एमाले र माओवादीबीच दोहोरीको विषय बनेको छ । प्रधानमन्त्री ओली कुनै गोप्य भद्र सहमति भएको छैन भनिरहेका छन् तर स्वयं प्रचण्ड अब आफ्नो नेतृत्वमा सरकार गठन हुन्छ भन्दै सरकार गठनको रूपरेखा तयार गर्न थालेका छन् ।

ओली र एमालेका महासचिवसम्मले कुनै भद्र सहमति भएको छैन भनिरहदा माओवादीका वर्षमान पुन र कृष्णबहादुर महरा भद्र सहमति केही दिनमै कार्यान्वयन



नभए ओलीलाई दूधको झिंगा झिकेझैं फालिन्छ भन्न थालेका छन् ।

यसैवीच माओवादी खेमाबाट सूचना चुहिएको छ- बजेट पारित हुन्जेल ओलीले पर्खन भनेपछि पर्ख र हेरको स्थिति आएको छ । एमालेले कडा निर्णय नगर्नु र प्रचण्ड स्वयं प्रम केपी ओलीसँग गोप्य वार्ता गरेर मौन रहनुको रहस्य बजेट पारित नभएर हो ।

यतिखेर स्वयं केपी ओली मेरै नेतृत्वमा राष्ट्रिय सरकार गठन हुन्छ भनेर सबै ठूला दलहरूसँग परामर्शमा जुटेका छन् । ओलीले पहिले राष्ट्रिय सरकार गठन हुने भएमात्र सत्ता छाड्ने अभिव्यक्ति दिएका थिए । अव आफैं राष्ट्रिय सरकार गठन गर्ने प्रयासमा जुटेका छन् । हुनसक्छ ओलीले सत्ता बचाउन आन्दोलित मधेसी, जनजाति र थारू समुदायलाई कैलाली, कञ्चनपुर, भापालगायतका क्षेत्रलाई मधेस र थारू प्रदेश आदि दिन पनि मञ्जुर गर्न सक्छन् ।

तर मधेसी मोर्चाले स्पष्ट पारेको छ- हामीलाई सत्तासँग मतलव छैन । हामी मधेस र जनजातिमाथिको विभेद अन्त होस् र आफ्ना मागहरू पूरा हुनुपर्छ भनिरहेका छन् । नेपाली कांग्रेसले ओली सरकारलाई समर्थन गर्ने कुनै सम्भावना देखिदैन । यसकारण केपी ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार बन्ने कुनै लक्ष्यण (बाँकी अन्तिम पेजमा)

## प्रधानमन्त्रीले विदेशीको आँखामा छारो हाले



काठमाडौं । आफ्नै कार्यकक्षमा दातृ निकायका प्रतिनिधिहरूलाई भेटेर प्रधानमन्त्री ओलीले संविधान जारी भइसकेको, नेपाल आर्थिक विकास र राष्ट्रिय पुनर्निर्माणमा जुटिसकेको र ढुक्कले नेपालमा लगानी गर्दा हुन्छ, कुनै जोखिम छैन भनेर आह्वान गरेपछि दातृ निकाय प्रमुखहरू हाँसेका थिए । यो खबर प्रधानमन्त्रीका सल्लाहकार गोपाल खनालबाट सार्वजनिक भएपछि प्रधानमन्त्रीले विदेशीको आँखामा समेत छारो हाल्न खोजेको भन्ने आरोप लागेको छ ।

खासगरी प्रम ओलीले संविधान कार्यान्वयन हुन (बाँकी अन्तिम पेजमा)

## माडी घटनाका पीडितले पाउलान त न्याय ?

अभियान संवाददाता

काठमाडौं । सत्य निरूपण तथा मेलमिलाप आयोगका अध्यक्ष सूर्यकिरण गुरूङले द्वन्द्वकालमा भएका गम्भीर प्रकृतिका र गैरन्यायिक घटनाका दोषीले कुनै हालतमा पनि उन्मूक्ति नपाउने बताएका छन् । उनले उक्तकुरा हाले सिन्धुलीगढीमा पत्रकारहरूसँगको भेटमा बताएका हुन् । पत्रकारहरूसँग कुरा गर्दै अध्यक्ष गुरूङले गम्भीर प्रकारका अपराधामा संलग्न भएकालाई क्षमा दिए मुलुकमै फेरि द्वन्द्व सिर्जना हुन्छ, त्यसैले गम्भीर अपराधमा संलग्न भएकाहरूलाई कुनै हालतमा पनि क्षमादान दिनु हुँदैन ।

मानवअधिकारको विश्वव्यापी मान्यता तथा सन् २०१२ मा अन्तर्राष्ट्रिय रेडक्रसले संयुक्त राष्ट्रसंघमा पेश गरेको नेपालको द्वन्द्वकालिन प्रतिवेदनका आधरामा काम गर्ने भएकाले त्यस्ता घटनामा संलग्नलाई कुनै हालतमा पनि क्षमा दिनु नहुने उनले बताएका छन् । तत्कालिन माओवादीद्वारा चितवनको माडीमा घटाइएको घटनाको स्मृति दिवसको पूर्वसन्ध्यामा उनले भने, द्वन्द्वको घटनालाई आयोगले वर्गिकरण गरेर छानविन गर्छ । आयोगले दोषीलाई (बाँकी अन्तिम पेजमा)

## राप्रपा नेपालको मौसमअनुसारको ट्यूनि

अभियान संवाददाता



काठमाडौं । राप्रपा नेपालका महामन्त्री राजेन्द्र लिङडेनको मुखबाट राप्रपा नेपालभित्रको योजना सार्वजनिक भएको छ । लिंगदेनले भनेका छन्- अव संवैधानिक राजतन्त्र व्यूँतिन्छ । जनताको चाहना संवैधानिक राजतन्त्र नै देखियो, संवैधानिक राजतन्त्र स्थापना रोक्न नसकिने स्थिति सिर्जना भइसकेको छ । यसै भनेका छन् लिंगदेनले ।

पूर्वराजा केही दिनको भापा बसाईका (बाँकी अन्तिम पेजमा)

## भद्र सहमति भएकै हो : दाहाल

अभियान संवाददाता

काठमाडौं । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहलाले वैशाख २३ गते प्रधानमन्त्री केपी ओलीसँग भएको भद्र सहमति (जेन्टलमेन्ट एग्रिमेन्ट) अहिले पनि कायमै रहेको बताएका छन् । प्रधानमन्त्री ओलीसँग नौ बुँदे सहमति हुँदा भद्र सहमति समेत भएको बताउँदै पूर्वप्रधानमन्त्री समेत रहेका दाहालले बजेट पारित भएपछि भद्र सहमति लागू हुनेमा आफू विश्वस्त रहेका बताएका छन् ।

दाहालले उक्त कुरा पोखरा पुगेर बताएका हुन् । उनले भने, जेन्टलमेन्ट एग्रिमेन्ट जेन्टलमेनबीच हुने सहमति भएको बताउँदै आफू जेन्टलमेन भएको र प्रधानमन्त्री ओली समेत जेन्टलमेन भएको हुनाले सहमति लागु हुने बताउँलै ओलीले जेन्टलमेन्ट एग्रिमेन्ट कुनै हालतमा पनि उल्लंघन नगर्ने विश्वास समेत व्यक्त गरेका छन् । प्रेस सेन्टर कास्कीले पोखरामा आयेजना गरेको पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष दाहालले तीन हप्ता अघि सरकार परिवर्तनका बरोमा ठूलो तरंग चलेको बेला प्रधानमन्त्री ओलीसँग ९ बुँदे सहमतिमा हस्ताक्षर गरिएपनि जेन्टलमेन्ट एग्रिमेन्टमा हस्ताक्षर हुने कुरा नभएको बताएका छन् । जेन्टलमेन्ट एग्रिमेन्ट मध्ये एक पक्षले एग्रिमेन्ट लागू गर्न इन्कार गऱ्यो भने त्यो लागू हुन सक्दैन भन्दै विगतमा कांग्रेस, एमाले, तत्कालिन एमाओवादी र फोरम लोकतान्त्रिकबीच भएको एग्रिमेन्टको स्मरण गराएका थिए ।

पत्रकार सम्मेलनमा अध्यक्ष दाहालले बहुमतको प्रधानमन्त्री बन्न आफूलाई हतारो नभएको र इच्छा समेत नभएको बताएपनि (बाँकी अन्तिम पेजमा)

## सरकारको तक्मा भ्रष्टाचारी र बलात्कारीलाई

काठमाडौं । गुण्डाहरूबाट घेरिएका र पार्टीका बरिष्ठ नेता झलनाथ खनाल, माधव नेपालसँग टाढिदै गएका पार्टी अध्यक्ष तथा प्रधानमन्त्र केपी ओलीले सिफारिस गरेर गणतन्त्र दिवसका दिन सुशोभित गरिएका मान्छेहरूको दर्जनौं अनुहारहरू भ्रष्टाचारी, बलात्कारी र राष्ट्र र जनताका लागि उल्लेख्य सेवा नगरेका व्यक्तिहरू परेपछि ठूलै हल्लाखल्ला भइरहेको छ । खासगरी जनसेवा पदक पाएका एकजना बलात्कारीको नामले एमालेभित्र ठूलै धक्का लागेको चर्चा भइरहेको छ ।

हो, राष्ट्रपति विद्या भण्डारीले मदन भण्डारीलाई नेपालरत्न भनेर राष्ट्रले विभुषित गरेकी छिन् । यो साइत जुर्न लोकतन्त्र आएको ८ वर्षलाग्यो र विद्या भण्डारी नै राष्ट्रपति हुनुपऱ्यो । यसपटक विभुषण पाउनैपर्नेले पाएनन्, नपाउनुपर्ने धेरैले पाए । पहुँच, पैसा र पावरको खेल विभुषणमा पनि चलेको गृह स्रोतले (बाँकी अन्तिम पेजमा)



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– *अभियानवाणी*

अभियान
साप्ताहिक

## सम्पादकीय

# संसद व्यापारी, बैंकर, सांसदको स्वार्थपूर्तिको थलो नबनोस्

*सांसदहरुको पहिलो काम भनेको जनताको हित हुने विधेयक निर्माण गर्नु हो । तर पछिल्लो समयमा हाम्रा सांसदहरु जनताको हितमा होइन, आफ्नै हित हुने गरी विधेयक बनाउन थालेका छन् । यसले गर्दा सांसद पदको गरिमामै आँच आउन सक्छ । अहिले विभिन्न बैंकका अध्यक्ष रहेका सांसदहरुले राष्ट्रबैंकले तयार गरी संसदमा पठाएको विधेयकलाई सांसदहरुले परिमार्जन गरी आफ्नो निजी स्वार्थमा जोडिएका विषयहरुमा सहभागी भइ आफुहरुले चाहेजस्तो विधेयक पारित गराउन खोज्नुले उनीहरुको नैतिकता माथि नै प्रश्न चिन्ह खडा भएको छ । संसदमा बैंकका अध्यक्ष रहेका सांसदहरुको संख्या उल्लेखनीय रहेको छ । जस्तै सिभिल बैंकका अध्यक्ष इच्छाबहादुर तामाङ, जनता बैंकका अध्यक्ष उदय नेपाली श्रेष्ठ, प्राइम बैंकका उमेश श्रेष्ठ र माछापुछ्रे बैंकका वीरेन्द्र महतो रहेका छन् । ती सबै सांसदहरु बफिया विधेयकको दफावार छलफलमा सहभागी भएका थिए । ती मध्ये तामाङ अर्थ समिति सदस्य र बाफिया अध्ययन उपसमिति सदस्य समेत हुन् । यिनै बैंकर सांसद नै बाफियामा रहेको सुशासन सम्बन्धी प्रावधान हटाउन सक्रिय भएर लागेका छन् ।*

*नेपाल राष्ट्र बैंकले अघि सारेको प्रावधानलाई ऐन बन्ने क्रमबाट हटाइदिएका छन् । जुन कदमले संसदको नियत माथि नै प्रश्न उठाइदिएको छ । राष्ट्रबैंकले एउटै ब्यक्ति दुई पटक भन्दा बढी अध्यक्ष बन्न नपाउने र कार्यकारी प्रमुख समेत २ पटकभन्दा बढी एउटै बैंकमा बस्न नपाउने प्रावधान अघि सारेको थियो । तर बैंकर सांसदलाई त्यो पाच्य भएन र उनीहरुले अन्य सांसदहरुलाई समेत आफ्नो प्रभावमा पारेर उक्त प्रावधान हटाउन सफल भएपछि अब एउटै ब्यक्ति उसले चाहेको समयसम्म अध्यक्ष बन्न सक्छ र कार्यकारी प्रमुख (सिईओ)को पनि कार्यकाल नतोकिएपछि उसले समेत चाहेजति बस्न सक्छन् । केही समय पहिला बैंकका अध्यक्ष (सिईओ) मिलेर केही बैंकहरु टाट पल्टाएको हाम्रो सामु इतिहास रहेका बेला बैंकलाई जोगाउन राष्ट्र बैंकले ल्याएको सुधार कार्यक्रमलाई ऐनमै ब्यवस्था गर्नु उचित थियो । तर निजी स्वार्थमा लागेर बैंकर सांसदहरुले त्यसो गर्न नदिएपछि निकट भविष्यमै अन्य बैंकहरु समेत टाट पल्टिन सक्ने अवस्था सिर्नना हुन सक्छ । संशोधित विधेयकले बैंक तथा वित्तीय संस्थाका अध्यक्ष र सञ्चालकहरुलाई फाइदा पुग्ने गरी विधेयकका प्रावधानहरु सच्चाइएका छन् । सांसदहरुले १० वर्षपछि मात्र संस्थापक सेयर सर्वसाधारणमा परिणत गर्न सकिने प्रावधानलाई सच्याउँदै ७ वर्षमा झारेका छन् ।*

*यिनै बैंकरहरुले बाफियामा रहेका बैंकिङ सुशासनसम्बन्धी प्रावधान हटाएर आफू अनुकूल बाफियामा संशोधन गरी कतिपय सांसदहरुले वित्तिय क्षेत्रमा सिन्डिकेट स्थापना गरेका छन् । जबकि वित्तिय क्षेत्रमा सिन्डिकेट खडा गर्न खोज्नु जनताको पैसामाथिको खेलवाड मात्र होइन, राज्यको हितविपरितको कार्यसमेत हो । अगामी दिनमा यसले वित्तिय क्षेत्रमा ठूलो संकट ल्याउन सक्छ । राज्यको शक्ति प्रयोग गरेर कतिपय सांसदले वित्तिय क्षेत्रमा आफ्नो शाखासन्तानको प्रभुत्व स्थापित गर्ने जुन काम गरेका छन्, त्यो खेदजनक रहेको छ । आफूहरुले थोरै लगानी गरी सर्वसाधारणबाट संकलन गरिएको रकमलाई आफूखुसी प्रयोग गर्ने आशय साथ भएका यस्ता जनघन्य कार्य जोसुकैबाट भएपनि त्यो अपराध हो र त्यो अक्षम्य पनि हो ।*

*आफ्नो निजी स्वार्थसँग जोडिएका विषयमा सांसदहरु सहभागी हुनु र आफ्नो निजी स्वार्थसँग मिल्ने गरी निर्णय गराउनुले सांसद पदकै नैतिकतामाथि प्रश्न उठ्न थालेको छ । स्वार्थ बाझिने विषयमा सांसदहरु आफैं सहभागी भएर उनीहरुले एक प्रकारले आचारसंहिताको समेत उल्लंघन गरेका छन्, त्यसैले त्यो विषय सबै सांसदहरुको नैतिक मूल्यसँग जोडिएको विषय समेत भएकाले बाफियालाई आफू अनुकूल बनाउन खोज्ने सांसदसँग अरु सांसद सजग रहनै पर्छ । जिम्मेवार पदमा रहेर आफ्नो स्वार्थ अनुसार काम गर्नु र गर्न अरुलाई प्रेरित गर्नु राज्यको हित विपरितको कर्या हो । यो नियन्त्रण र सन्तुलनको सिद्घान्त विपरितको कार्य समेत हो । त्यसैले वाफिया विधेयक पारित गर्ने बेलामा राष्ट्रबैंकले अघि सारेका प्रावधानलाई सांसदहरुले ख्याल गर्न जरुरी छ । अर्थ समिति र उसले गठन गरेको उपसमितिले दिएको प्रतिवेदनकै आधारमा विधेयक पारित गरिए त्यसले भविष्यमा ठूलो संकट ल्याउने निश्चित जस्तै छ । समितिमा रहेका सांसदहरुले जसरी बाफियामा आफू अनुकूल संशोधन गरेका छन्, त्यसलाई संसदले हस्ताक्षेप गर्दै सर्वसाधारण जनताको हीत हुने गरी बाफिया विधेयक पारित गरिनु आवश्यक छ । यदि त्यसो हुन सकेन र अन्य सांसद पनि बैंकर सांसदकै पक्षमा गए भने संसद पनि सर्वसाधारणको हितमा नभई बैंकर सांसद, ब्यापारी र ब्यवसायीको हितमा मात्र काम गर्ने थलोका रुपमा चिनिन्छ भन्ने हामीले ठानेका छौं । तसर्थ राष्ट्रबैंकले भनेनुसार बाफिया विधेयक पारित हुनु उचित हुनेछ ।*

# ओली सरकार पनि जनताका लागि कानै चिरेको

*देवेन्द्र चुडाल*

प्रधानमन्त्री केपी ओली भाषण गर्न र उखान टुक्का भन्न माहिर मानिन्छन्, तर उनी राजनीतिक क्षेत्रमा विस्तारै असफलताको मार्गतिर उन्मूख हुँदै गएको आभास मिल्न थालेको छ । ओली प्रधानमन्त्री भएको नौं महिना पुग्न लाग्दासमेत जनताले खासै राहत पाउन सकेका छैनन् । ओली सरकारका मन्त्रीहरूले आ–आफूले सम्हालेका मन्त्रालयमा समेत प्रभाकारी काम गर्न नसकेका हुनाले जनता विस्तारै ओली सरकारसँग रूष्ठ हुँदै गएका छन् । सरकारले आर्थिक वर्ष २०७३/७४को लागि घोषणा गरेको बजेटसँगै सर्वासाधारण जनताको चुल्हो बल्न नसक्ने अवस्थामा पुगेको छ । महँगी व्यापक मात्रामा बढेको छ । व्यापारीहरूले खानेतेल, खाद्यान्न, तरकारी, माछामासुको मूल्य आफूखुसी बढाउँदा समेत सरकार त्यसलाई नियन्त्रण गर्न असफल भएको छ । व्यापारीले मौकाको फाइदा उठाउँदै १५ दिनको अवधिमा हरेक वस्तुको मूल्यमा १० रूपैयाँदेखि झण्डै १०० रूपैयाँसम्म मूल्यवृद्धि गर्ने गरेका छन् ।

तत्कालिन संविधानसभाले संविधान निर्माण गरी जारी गरेपश्चात त्यसैलाई देखाएर भारतले लगाएको नाकाबन्दी र भूकम्पको मारमा परेका जनताले अहिले पनि नाकाबन्दीकै अवस्थाको जस्तो आकाशीयको मूल्यवृद्धि भोग्न परेको छ । भारतले लगाएको अघोषित नाकाबन्दी हटेको झण्डै पाँच महिना पुग्न लाग्दा समेत मूल्यवृद्धि भारीमात्रमा हुनु सरकारको असफलताको कारण बाहेक अन्य केही हुन सक्दैन । अहिले आपूर्ति सहज भएपनि सरकारको कमजोरी अनुगमन र नियमन संयन्त्रको कमजोरीका कारण व्यापारीले प्रत्येक वस्तुको मूल्यवृद्धि गरेका छन् । ओली आफू नेतृत्वको सरकारलाई टिकाइराख्न मात्र सीमित भएका हुनाले कालाव्यापारीहरूले खुलमखुल्ला लुट्ने अवसर पाएका छन् । व्यापारीले अहिले चामल, तेल, च्यूरा, दाल, माछामासु, अण्डा, तरकारी, चिनीलगायत अन्य अत्वाश्यक वस्तुको मूल्यवृद्धि गरेका छन् । आपूर्ति व्यवस्था सहज छ, विना रोकतोक आपूर्ति भइरहेको अवस्थामा मूल्यवृद्धि हुनुको कुनै कारण छैन, तर पनि प्रत्येक दिन मूल्यवृद्धि भइरहेको छ, आखिरी किन ? के यसको जवाफ ओली सरकारले जनतालाई दिनु पर्दैन ? लोकतन्त्रमा सरकार जहिलेसुकै पनि जनताप्रति उत्तरदायी हुनुपर्ने विश्वव्यापी सिद्धान्तलाई ओली सरकारले नकार्न सक्ने अवस्था रहँदैन, तर ओली सरकार अहिले जनताप्रति उत्तरदायी नदेखिनु भनेको सर्वाभौमसत्ता सम्पन्न नेपाली जनताको अपमान हो । जनतालाई देखाएर तिनै जनतालाई लुट्ने कार्यले ओली नेतृत्वको सरकारलाई किमार्थ जनताप्रति उत्तरदायी सरकार स्वीकार गर्न सकिँदैन । आर्थिक वर्षको बजेट कार्यान्वयनमा आउन अझै एकमहिना बाँकी रहेको अवस्थामा व्यापारीहरूले कर्मचारीहरूको तलब बढेको र सांसदको सुविधा समेत बढेको भनेर आम उपभोक्तालाई मार्ने गरी मूल्यवृद्धि गरेका छन् । कर्मचारीहरूको तलव बृद्धि २५ प्रतिशत भएपनि त्यो कार्यान्वयनमा आएको छैन । तर मूल्यवृद्धि संसदमा बजेट पेश भएकै दिनदेखि भएको छ । एउटा घरमा एकजना कर्मचारी भएको खण्डमा उसको तलब २५ प्रतिशत वृद्ध हुन्छ, तर उसले श्रीमती, दुई जना बच्चा पाल्नका लागि झण्डै ३५ देखि ५५ प्रतिशतको मूल्यवृद्धि सहनु परेको छ । यसरी उपभोक्तालाई अनावश्यक रूपमा मारपर्दा समेत सरकार मौन रहनुले प्रमाणित हुन्छ नेपाली जनताका लागि जो सुकै र जुनसुकै पार्टीको नेतृत्वमा सरकार बनेपनि त्यो जुन जोगी आए पनि कानै चिरेको भन्दा फरक पर्दैन ।

नेकपा एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री बन्दा जनताले उनीबाट ठूलो आशा एवं भरोसा गरेका थिए । ओलीको नेतृत्वमा बनेको सरकारले जनताका लागि राहतका कार्यक्रम बजेटमा घोषणा हुने विशवास जनताको थियो, तर केही भएन । बरू उल्टो सांसदहरूको तलबमा २५ प्रतिशत वृद्धि गरियो भने अन्य सुविधान व्यापक रूपमा बढाइयो । २०७३/०७४ को बजेट लागु भएपछि एउटा सांसदले बैठक भत्ताबाहेक घटीमा प्रतिमहिना १ लाख रूपैयाँभन्दा बढी हात पर्छन् । त्यसमा बैठक भत्ता जोडिएको हुँदैन । प्रत्येक बैठक भत्ता २५ सयका दरले पाउँछन् । सांसदहरूको काम भनेको नियम कानुन बनाउने हो, त्यसैको लागि उनीहरूलाई जनताले चुनेर पठाएका हुन् । जनताले दिएको जिम्मेवारी निभाउनका लागि मासिक तलब उपलब्ध गराइएको हुन्छ भने बैठक भत्ता किन ? के भोली कर्मचारीहरूले हामीहरूले काम गरेवापत भत्ता नपाएको हुनाले हामीहरू काम गर्दैनौं भने अवाज उठाए भने राज्यले उनीहरूलाई भत्ता उपलब्ध गराउने कि नगराउने ? यसरी सीमित व्यक्तिहरूले गरिब जनताले तिरेको करमाथि ब्रम्हलुट मच्चाउन पाउने अधिकार उनीहरूलाई कसले दियो ? अब प्रत्येक नागरिकले त्यस विषयमा गम्भीर भएर सोच्नै पर्ने बेला आएको छ । जनतालाई भूकम्प र नाकाबन्दीको मारबाट पार लगाउनुको बदला सांसदहरूले आफ्नो तलबभत्ता बढाएर जनताको नजरमा किन गर्न खोजे ? त्यसको उत्तर जनताले खोज्नु पर्ने बेला भएको छ ।

मुलुकमा सरकार भएपनि कमजोर रहेको छ । दलहरू सरकार बनाउने र गिराउन कार्यमा मात्र सीमित भएका छन् । पछि फेरि पालो आउँछ कि आउँदै, त्यसको कुनै ग्यारेन्टी नभएको हुनाले अहिले नै सक्दो कमाउनु पर्छ भन्ने मानसिकता बोकेर सांसदहरू र दलका नेताहरू अघि बढेका हुनाले त्यसको मार खेप्न नेपाली जनता बाध्य भएका छन् ।

अहिले जुन दिन पनि सरकार ढल्ने र फेरि अर्को सरकार निर्माण गर्ने कुराले गर्दा नाकाबन्दीकै जस्तो आम मानिसको मनस्थितिमा संत्रास फैलिएको छ । मुलुक अस्थिर हुँदा २० वर्षमा २२ वटा सरकार बनेपनि जनताले भने केही पाउन सकेका छैनन् । झण्डै एक वर्षमा सरकार परिवर्तन हुनुले विकास निर्माणका कार्यहरू ठप्प भएका छन् । संविधान निर्माण भई जारी समेत भयो, तर संविधानलाई सबै नेपाली जनताले स्वीकार गर्न सकिरहेका छैनन् । मधेसवादी दलहरूले संविधान निर्माणकै क्रममा तत्कालिन संविधानसभा छाडेर आन्दोलनमा गए, अहिले पनि उनीहरू आन्दोलनमै रहेका छन् । संविधान निर्माणमा कहीँ न कहीँ कमजोरी भएको ठूला भनिएका कांग्रेस, एमाले र माओवादीले स्वीकार गरिसकेका अवस्थामा किन उनीहरू आन्दोलनमा गएका दलहरूसँग वार्ता र छलफलको माध्यमद्वारा समस्याहरू समाधान गर्न चाहँदैनन् ? उनीहरूले आन्दोलनरत मधेसवादी दलहरूले उठाएका जायय मागहरू पुरा गरी पुरा गर्न नसक्ने मागहरूका बारेमा प्रत्यक्ष रूपमा किन जनतालाई जानकारी दिन सक्दैनन् ? ठूला भनिएका दलका शीर्ष नेताहरू एकै ठाउँमा बसेर किन वार्ता गर्न सकिरहेका छैनन्, त्यसको एउटै कारण हो उनीहरूमा निर्णय गर्न सक्ने क्षमता नै छैन । २०६२/०६३ सालको आन्दोलनको बेलामा समेत तत्कालिन सात दल र तत्कालिन माओवादीलाई भारतले सहमतिमा ल्याइदिएको थियो । भारतले आफैंले निर्माण गरिदिएको १२ बुँदे सहमतिमा हस्ताक्षर गर्न लगाएर भारतले दलहरूलाई आफ्नो प्रभावमा राखेको हुनाले उनीहरूमा निर्णय क्षमता नै नभएको अहिले प्रष्ठ हुँदै गएको छ । भारतले चाहेजस्तो, संविधान निर्माण नभएको र केही मधेसवादी दलहरूलाई आन्दोनमा जान सल्लाह दिएनुसार केही मधेसवादी दलहरू आन्दोलनमा गए । नेपाल–भारत सीमामा बसेर नाकबन्दी गरे, तर परिणाम केही हात लागेन । अहिले केपी ओली नेतृत्वको सरकारले मधेसवादी दलहरूलाई वार्तामा बस्न आग्रह गरेपनि उनीहरू भारतकै इशारा पर्खिरहेका छन् । यी सबै तथ्यहरूलाई राम्ररी विश्लेषण गर्ने हो भने प्रष्ठ हुन्छ हाम्रा नेताहरू नेपाली जनताको हितमा भन्दा आफूलाई सत्तामा पुऱ्याइदिने गुरूहरूकै हितमा काम गर्ने गरेका हुनाले उनीहरू तत्कालै कुनै निर्णय गर्न सक्दैनन् ।

ठूला भनिएका कांग्रेस, एमाले र माओवादीले संसदमा भएका सबै ३२ वटै दललाई एकै ठाउँमा राखेर राष्ट्रिय हितका बारेमा सही निर्णय गर्न सकेको खण्डमा जनताले केही राहत पाउन सक्थे, तर अहिलेकै अवस्थामा त्यस्तो कुनै संकेतसम्म देखिएको छैन । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल जसरी भएपनि प्रधानमन्त्री बन्ने कुटिल षड्यन्त्रमा लागेका छन् । राजनीतिमा पारदर्शिता हुनु पर्छ । प्रधानमन्त्री केपी ओली र दाहालबीच वैशाख २३ गते मध्यरातमा नौं बुँदे सहमति भएको आम नेपालीलाई थाहा भएकै विषय हो । तर अहिले दाहालको भनाई अनुसार त्यहाँ अर्को भद्र सहमति समेत भएको छ रे ! त्यो सहमति भनेको बजेट पारित भएपछि एमालेले नै प्रधानमन्त्रीका लागि दाहालको नाम प्रस्ताव गर्ने । दाहालले पछिल्लो पटक पोखरा पुगेर उद्घोष गरे, आफू पनि भद्र भएको र ओली पनि भद्र भएको हुनाले भद्र सहमति कार्यान्वयन हुन्छ । तर ओलीले नौं बुँदे बाहेक अन्य कुनै सहमति नभएको बताइरहेका छन् । यसरी सत्ताको नेतृत्वकर्ता दल र सत्तामै रहेको अर्को दलको फरक फरक भनाईले गर्दा सरकार सरकारका लागि मात्र सरकार भएको जस्तो देखिएको छ । सरकार परिवर्तनको हल्लाले गर्दा मुलुक अस्तव्यस्त भएको छ । यसरी सरकार ढाल्ने र निर्माण गर्ने कार्यले गर्दा भूकम्पपीडित जनता फेरि पीडित भएका छन् । अहिलेको वर्षायाममा समेत उनीहरूले पाल र टहरामै बस्नुपर्ने बाध्यता देखएिको छ । यस्तो गैरराजनीतिक कार्यले गर्दा राजनीतिक दलहरूमाथि जनताको विश्वास घट्दै जाने प्रायः निश्चित जस्तै देखिएको छ ।

नेपालकै इतिहासमा अहिलेको जस्तो संकटपूर्ण अवस्थामा नेपाल र नेपाली जनता कहिल्यै पुगेका थिएनन्, राजनीतिक दलहरूको दलगत स्वार्थ र केही व्यक्तिहरूको व्यक्तिगत स्वार्थले गर्दा मुलुकमाथि दिनप्रति दन संकट थपिँदै गएकाले अब त्यस्ता गलत कार्यहरू बन्द गरी राजनीतिक दलहरू एकै ठाउँमा उभिएर नेपाली जनताको सेवामा नलाग्ने हो भने राजनीतिक दलका नेताहरूका लागि अहिलेको अवस्था गुम्न सक्छ । मुलुक राजनीतिक दलका नेताहरूको पेवा होइन, न त प्रधानमन्त्री पद नै । एकले दिने अर्कोले लिने पद प्रधानमन्त्रीको होइन भन्ने हेक्का नेताहरूलाई होस्, नत्र उनीहरूका लागि भोलि पछुताउनु बाहेक अन्य केही हात रहँदैन ।

*devendrachudal@gmail.com*

# ज्ञानेन्द्र शाह किन अछुत नि ?



राजन कार्की

विदेशी नक्कल गर्न कस्सिएका छन् प्रचण्ड । सरकारमा उक्लने तैयारीमा रहेका प्रचण्डले नेपाललाई परोपकारी तानाशाहको आवश्यकता छ भनेर हल्लाखल्ला मच्चाइदिएका छन् प्रचण्डले । यसकारण प्रचण्डलाई सुपथ र मुफतको सुझाव दिइएको छ– नेपाली ज्ञानेन्द्र शाहचाहिं किन अछुत नि ?

ज्ञानेन्द्र शाह जनताका सामु नतमस्तक हुने व्यक्ति हुन् । जनादेशलाई शिरोधार्य गरेर बसिरहेका छन् । योभन्दा लोकतान्त्रिक व्यक्ति अरू किन खोज्ने ? र, ज्ञानेन्द्र शाहलाई किन नरोज्ने ? घरभित्रको मलमल छाडेर विदेशी टालो खोज्न किन दगुर्ने ? त्यसो त लोकतान्त्रिक नेता हुँ भन्नेले तानाशाहको कल्पना गर्न सुहाउदैन, कमजोरी सुधारेर अघि बढ्ने हो भने आफ्नै सामल शक्ति बन्नसक्छ देश निर्मँणका लागि । फेरि खाने, लाउने, घुम्ने सबै रहर पूरा गरेर देशवादी भएर मर्न चाहेका पूर्वराजा ज्ञानेन्द्र शाह देशका लागि उपयोग गर्न सकिने राजनीतिक स्रोत हुनसक्छन्, प्रचण्डजी यता पनि ध्यान दिने कि ? त्यसै पनि राजनीतिमा स्थायी सत्रु र मित्रु कोही हुँदैनन् क्यार ।

परोपकारी तानाशाहको अभिव्यक्ति सार्वजनिक भएपछि सत्ता परिवर्तनले तातेको नेपाली राजनीति उम्लिन थालेको छ । स्वदेशी नागरिक र विदेशी शक्तिहरू यी नेताहरूबाट लोकतन्त्रको जग बस्दैन, जनताप्रति जिम्मेवार सरकार चल्न सक्दैन भन्ने निचोडमा पुगेका छन् । लोकतन्त्रवादी हुँ भन्ने कम्युनिष्ट शासन छ देशमा । कम्युनिष्टहरू ध्रुविकरणको शक्तिका साथ सत्ताको मादले मदमस्त भएका छन् । यथार्थ के हो भने कम्युनिष्ट शासन कहिल्यै लोकवादी हुनैसक्दैन । कम्युनिष्ट भनेकै निरंकूशतन्त्र हो । त्यसमाथि नेपालको कम्युनिष्ट भनेको त सोझा, गरिब जनतालाई मीठो सपनामा भुलाएर आफ्नो साम्राज्य स्थापित गरेको शक्ति हो । त्यसैले पनि लोकका लागि लोकतन्त्रको विहानी हुन नसकेको हो ।

ख्यालरहोस्, स्वदेशी र विदेशी शक्तिसँग मिलेर ज्ञानेन्द्र शाह फाल्ने माओवादी अध्यक्ष प्रचण्ड अव परोपकारी तानाशाह चाहियो भन्न थालेका छन् । संविधान जारी भयो, कार्यान्वयन गरेर विधिको शासन स्थापित गर्न असमर्थ भएर हार खाएका प्रचण्ड अव बेनिभोलेन्ट लिडरको नेपालीकरण परोपकारी तानाशाहको आवश्यक भएको भन्दै आफै परोपकारी तानाशाह बन्ने आकांक्षी बनेर राजनीतिक थर्कीमा रणनीतिक पासा फेक्न पुगेका छन् । चुनाव गराएर जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्छु भनेर केही समय मागेका ज्ञानेन्द्र शाहलाई निरंकूश शासकका ठाउँमा गणतन्त्र कार्यान्वयन गराउन सफल भएका प्रचण्डको बल्ल चेत फिरेको छ र नेपालको प्रगतिका लागि परोपकारी तानाशाह चाहियो भन्न थालेका छन् ।

नेपाली जाली र झेली राजनीतिक खेल अव सिंगापुर र मलेसियाजस्ता मुलुक बनाउने परोपकारी तानाशाह लिक्वान युको नीति खोज्न थालेको छ । १० वर्षको राजनीति पत्रुको तौलमा झरिसकेका प्रचण्डले फेरि आफूलाई बहुमूल्य धातु शिद्ध गर्न नयाँ चटके कुरा गर्न थालेको हुनुपर्छ ।

प्रचण्डले के बोले, राजनीतिक र कूटनीतिक बृत्तमा भित्रभित्रै नेपालको राजनीतिक स्थिरता, शान्ति र विकासका लागि परोपकारी तानाशाह नै चाहिन्छ भन्ने विषयमा छलफल चल्न थालेको देखिन्छ, सुनिन्छ ।

९ बुँदे देखिने र ३ बुँदे नदेखिने सम्झौताको टेको लगाएर प्रचण्डले ओली सरकारलाई टिकाइदिएका थिए । बजेटपछि प्रचण्डलाई सरकारको नेतृत्व दिने विषयमा प्रम ओलीले कुनै भद्र सहमति भएको छैन भनेर टकटकिएपछि अस्ती आइतवार प्रचण्ड बालुवाटार नै पुगेर ओलीसँग घण्टा लामो गोप्य वार्ता गरेर फर्किए । त्यसपछि प्रचण्ड नेपाल राष्ट्रिय उद्योग व्यापार संगठनको महाधिवेशनलाई संवोधन गर्न गएका थिए । त्यही मञ्चबाट प्रचण्डले परोपकारी तानाशाहको बारेमा कुरा उठाएपछि प्रचण्डको अभिव्यक्तिको चर्चा भाइरल बनेको छ ।

स्वभाविक प्रश्न छ– प्रचण्डले ज्ञानेन्द्र शाह खोजेको कि तानाशाह ? विश्लेषकहरू भन्छन्– २०६३ सालको संसद पुनर्स्थापना र २०६५ साल जेठ १५ गतेपछि धेरै परिवर्तनहरू भए । त्यो परिवर्तन सँगसँगै अहिलेसम्म पनि प्रचण्ड सत्ता निर्माण, सञ्चालनमा किङपिनकै रूपमा रहेका छन् । यिनकै मुखबाट तानाशाहको आवश्यकताको उठान भएपछि संघीयतासहितको गणतन्त्रले यू टर्न लिन लागेको सहज अनुमान गर्न सकिन्छ ।

प्रचण्डका कुरालाई सिंगापुर र मलेसिया निर्माणमा लिक्वान युजस्ता परोपकारी तानाशाहको भूमिकाबाट प्रभावित भएका प्रचण्डले ठूला राजनीतिक दलहरूवीच सुशासन, शान्ति, विकास र समृद्धिका लागि त्यस्तै मोडलको खोजी बारेमा छलफल चलाएको पर्यवेक्षकीय धारणा छ ।

पूर्वराजा नुवाकोटदेखि झापासम्मको भ्रमण गरेर 'मियो' बन्न तैयार रहेको अभिव्यक्ति दिइरहेका बेलामा प्रचण्डले तानाशाहको सवाल उठाएर आगोमा घ्यू थपिदिएका छन् र परिवर्तनकारी राजनीतिले १० वर्षमा मुलुक सम्हाल्न नसकेको आत्मालोचना गरेको रूपमा पनि उनका अभिव्यक्ति लिइएको छ ।

यसअघि राष्ट्रिय सहमति बनेन भने ठूलो राजनीतिक दुर्घटना हुनसक्ने आशंका प्रचण्डले व्यक्त गरिसकेका थिए । उनको यो आशंका र तानाशाहको कुराले राजनीतिक दलहरूभित्रैबाट बेनिभोलेन्ट तानाशाह जन्मनुपर्ने प्रस्ताव गरेका हुन् । अहिले पनि प्रचण्ड पूर्वराजाप्रति पूर्वाग्रही नै देखिएका छन् ।

यद्यपि गणतन्त्र स्थापना भएपछि ज्ञानेन्द्र राजा त जंगलवासतिर लागे, जनताको थाप्लोमा थुप्रै पार्टी राजाहरूले घिरिङ खेलिरहेका छन् । ती राजाभन्दा यी राजाहरू यथार्थमा निरंकूश, भ्रष्ट, अनैतिक र कूशासक बनेको अनुभव छ आम नेपाली जनताहरूको । प्रचण्डकै शव्दमा 'हामीले लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रको निम्ति रगत पसिना बगाएका हौं, सबै पार्टीहरूका वीचमा झगडा मात्रै भइरहने, सधै पावरको निम्ति लुछाचुँडी गरिरहने होहो भने यो स्थिति नेपालमा परोपकारी तानाशाहको आवश्यकता त होइन कतै ? नेपालमा हामी भन्दा बाहिर कोही परोपकारी तानाशाहा आउनेवाला छैन । आयो भने निरंकुश तानाशाह मात्र आउनेवाला छ । जसले नेपाली जनताले अहिलेसम्म प्राप्त गरेका उपलब्धीलाई धराशायी पार्ने र देशलाई डरलाग्दो अध्यारोतिर धकेल्ने खतरा छ ।'

लोकतन्त्र अव तानाशाह निम्त्याउने मोडमा पुगेछ । सकेनन्, लोकतान्त्रिक परिवर्तन गर्ने नेताहरूले राजनेता बनेर राजनीतिक राजमार्ग खन्न सकेनन् । प्रतिक्षा यतिमात्र छ कि तानाशाह राजनीतिक दलहरूभित्रैबाट जन्मन्छ कि पूर्वराजा परोपकारी तानाशाहका रूपमा निस्ने हुन् । सम्भाबना दुबैको छ र लाग्छ, जनतामा बढेको नैरास्यताको लेखाजोखा गर्ने हो र छिमेकीको चाहनाको विश्लेषण गर्ने हो भने पूर्वराजा नै नेपालको भविष्य बनेर उदाउनेवाला छन् ।

त्यसो त पूर्वराजा भर्खर नुवाकोट भएर झापा पुगेर अस्ति आइतवार राजधानी फिरेका छन् । उनी राजधानीका तीन सहरका देवदेवीको मन्दिर दर्शनका लागि पैदल हिडिदिए भने प्रचण्डले भनेको परोपकारी तानाशाहको स्पष्ट तस्वीर सडकमै देखिनेछ ।

होइन, ओलीको काँध फेर्दै प्रचण्ड प्रधानमन्त्री बने भने परोपकारी तानाशाह बन्ने प्रयास गर्ने निश्चित छ । तर, पश्चिम बंगालको ज्योतिबसु शासनजस्तो गर्न प्रचण्डलाई सम्भव छैन । हुन त उनले यसैका लागि माओवादी केन्द्र गठन गरेका हुन् र ओलीको सत्ता निर्माण र केही दिन टिकाएर आफू उभिने धरातल बलियो पारेका पनि छन् ।

यथार्थ के पनि छ भने प्रचण्ड तेस्रो पार्टी हुन् र अवको निर्वाचनमा उनको पार्टी योभन्दा तल खस्किनेवाला छ । यी १० वर्षमा प्रचण्डले जनताको पक्षमा कुनै काम गरेकै छैनन् र जनयुद्धकालीन गम्भीर अपराधको भूतले प्रचण्डलाई तर्साएर उज्यालो, अँध्यारो कुन ठाउँमा पुऱ्याउने हो, अहिले नै स्पष्ट भन्न सकिन्न । जेहोस्, प्रचण्डले तानाशाह खोज्ने संकेत गरेका छन्, त्यो तानाशाह प्रचण्ड आफै हुन् कि ज्ञानेन्द्र शाह ? केही समयमै स्पष्ट हुने छ ।

यद्यपि परोपकारी तानाशाहको चर्चाले व्यापकता लिइरहेको बेलामा अस्ती सोमवार प्रचण्डले स्पष्ट पारेका छन्– भद्र सहमति भएकै हो, बजेट पारित भएपछि भद्र सहमति कार्यान्वयन हुनेछ । अर्थात, प्रचण्डले ओलीसँग गोप्य वार्ता गरेर भद्र सहमतिलाई अन्जाम दिने वातावरण बनाएका छन् । प्रचण्ड नयाँ सरकारको खाका कोर्न थालिसकेका छन् ।

भन्न सकिन्न, यो मुलुक भनेको रात रहे अग्राख पलाउने मुलुक हो । बजेट पास हुन्जेल राजनीतिमा अनेक उतारचढाव आइसक्न बेर छैन । प्रष्ट कुरो चाहिं के हो भने ओलीको शक्ति खस्किए पनि उनको चर्को उखानटुक्के भाषणको कलामा कुनै परिवर्तन आएको देखिदैन । जनतकाँले केही पाएनन्, जनताको पीडामाथि पीडा थपिएको छ तर कमरेड ओलीपछि अर्का कमरेड प्रचण्ड प्रधानमन्त्री हुँदैछन् । जनता, हर्षित हुनुपर्ने कारण छैन किनभने कौवालाई बेल पाक्यो हर्ष न बिष्मात् ।

# साल्ट ट्रेडिङको ४९ औं साधारणसभा सम्पन्न

काठमाडौं । साल्ट ट्रेडिङ कर्पोरेशनले यही जेठ २६ गते ४९ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । कर्पोरेशनका अध्यक्ष लक्ष्मीदास मानन्धरको अध्यक्षतामा सो साधारणसभा सम्पन्न भएको थियो । सो अवसरमा शेयर होल्डरले उठाएका विभिन्न प्रश्नहरूको जवाफ अध्यक्ष मानन्धर र कर्पोरेशनका सिईओ उर्मिला श्रेष्ठले दिएका थिए ।



साधारणसभाले शेयर सदस्यलाई १० प्रतिशत लाभांश र १५ प्रतिशत बोनस शेयर दिने निर्णयसमेत गरेको छ । आर्थिक वर्ष २०७१/०७२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै कर्पोरशेनका अध्यक्ष लक्ष्मीदास मानन्धरले उक्त वर्ष रू. ६ अर्ब ९६ करोडको कारोबार गरेको अवगत गराउँदै चालू आर्थिक वर्षको वैशाख मसान्तसम्म रू. ४ अर्ब ८५ करोडको कारोबार गरिसकिएको जानकारी दिएका थिए । सो वर्ष कर्पोरेशनले कूल मुनाफा रू. ५६ करोड ९ लाख आर्जन गर्न सफल भएको थियो । मानन्धरले कर्पोरेशनलाई ८५ हजार मेट्रिक टन रासायनिक मलको कारोबार गर्न इजाजत दिएकोमा ५० हजार मेट्रिक टन आयात गरिसकेको र बाँक ३५ हजार मेट्रिक टन रासायनिक मल आयात प्रक्रियामा रहेको उल्लेख गर्नुभयो ।

सर्वसाधारण जनतालाई सुपथ मूल्यमा अति आवश्यक वस्तुहरू सुल गराउने दायित्व निर्वाह गर्दै आएको साल्ट ट्रेडिङले आफ्नो व्यवसायिक मर्यादा कायम राख्नै सामाजिक उत्तरदायित्व पनि पूरा गरेको छ ।

विनाशकारी भूकम्पपछि कर्पोरेशनले आपूर्ति व्यवस्थामा अहोरात्र लागि व्यवस्थित गर्दै आएको र अमेरिकी कम्पनीसँग व्यवसायिक एवं प्राविधिक सहकार्यमा भूकम्पप्रतिरोधी प्रविधिमा आधारित भवनहरू निर्माण गर्ने उद्देश्य लिएर फ्युचर वर्कस प्रालिसँगको संयुक्त लगानीमा स्थापना गरी कर्पोरेशन निर्माण क्षेत्रमा प्रवेश गरेको छ । कर्पोरेशनबाट प्रबर्द्धिन मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेडमार्फत् विभिन्न आन्दोलनको समयमा समेत उपभोक्तालाई सहजरूपमा ग्याँस आपूर्तिमा समेत योगदान पुऱ्याएको जो कसैलाई थाहा भएकै कुरा हो ।

त्यसैगरी कर्पोरेशनले चिनीको बजार अनियन्त्रित भई रू. ८०।८५ प्रतिकेजी पुगेको अवस्थामा नेपाल सरकार मन्त्रिषद्बाट भर्खरै ३० हजार मेट्रिक टन चिनी १ प्रतिशत भन्सार सुविधामा आयात गरी बित्री वितरण गर्न दिन निर्णय भएको जनाएको छ । त्यहीअनुसार आयातको प्रक्रियामासमेत कर्पोरेशन अगाडि बढिसकेको जानकारी सो अवसरमा दिइएको थियो । कर्पोरेशनले आफ्नो वार्षिकोत्सवको अवसर पारेर भदौ २७ गते बालहितकारी पुरस्कारसहित छात्रवृत्तिहरूको व्यवस्था गरेको जनाएको छ भने कर्पोरेशन प्रेसिडेन्ट स्व. हेमबहादुर मल्ल सम्मानसमेत प्रदान गर्दै आएको छ ।



# ज्ञानेन्द्र शाह किन अछुत नि ?



राजन कार्की

विदेशी नक्कल गर्न कस्सिएका छन् प्रचण्ड । सरकारमा उक्लने तैयारीमा रहेका प्रचण्डले नेपाललाई परोपकारी तानाशाहको आवश्यकता छ भनेर हल्लाखल्ला मच्चाइदिएका छन् प्रचण्डले । यसकारण प्रचण्डलाई सुपथ र मुफतको सुझाव दिइएको छ– नेपाली ज्ञानेन्द्र शाहचाहिं किन अछुत नि ?

ज्ञानेन्द्र शाह जनताका सामु नतमस्तक हुने व्यक्ति हुन् । जनादेशलाई शिरोधार्य गरेर बसिरहेका छन् । योभन्दा लोकतान्त्रिक व्यक्ति अरू किन खोज्ने ? र, ज्ञानेन्द्र शाहलाई किन नरोज्ने ? घरभित्रको मलमल छाडेर विदेशी टालो खोज्न किन दगुर्ने ? त्यसो त लोकतान्त्रिक नेता हुँ भन्नेले तानाशाहको कल्पना गर्न सुहाउदैन, कमजोरी सुधारेर अघि बढ्ने हो भने आफ्नै सामल शक्ति बन्नसक्छ देश निर्मँणका लागि । फेरि खाने, लाउने, घुम्ने सबै रहर पूरा गरेर देशवादी भएर मर्न चाहेका पूर्वराजा ज्ञानेन्द्र शाह देशका लागि उपयोग गर्न सकिने राजनीतिक स्रोत हुनसक्छन्, प्रचण्डजी यता पनि ध्यान दिने कि ? त्यसै पनि राजनीतिमा स्थायी सत्रु र मित्रु कोही हुँदैनन् क्यार ।

परोपकारी तानाशाहको अभिव्यक्ति सार्वजनिक भएपछि सत्ता परिवर्तनले तातेको नेपाली राजनीति उम्लिन थालेको छ । स्वदेशी नागरिक र विदेशी शक्तिहरू यी नेताहरूबाट लोकतन्त्रको जग बस्दैन, जनताप्रति जिम्मेवार सरकार चल्न सक्दैन भन्ने निचोडमा पुगेका छन् । लोकतन्त्रवादी हुँ भन्ने कम्युनिष्ट शासन छ देशमा । कम्युनिष्टहरू ध्रुविकरणको शक्तिका साथ सत्ताको मादले मदमस्त भएका छन् । यथार्थ के हो भने कम्युनिष्ट शासन कहिल्यै लोकवादी हुनैसक्दैन । कम्युनिष्ट भनेकै निरंकूशतन्त्र हो । त्यसमाथि नेपालको कम्युनिष्ट भनेको त सोझा, गरिब जनतालाई मीठो सपनामा भुलाएर आफ्नो साम्राज्य स्थापित गरेको शक्ति हो । त्यसैले पनि लोकका लागि लोकतन्त्रको विहानी हुन नसकेको हो ।

ख्यालरहोस्, स्वदेशी र विदेशी शक्तिसँग मिलेर ज्ञानेन्द्र शाह फाल्ने माओवादी अध्यक्ष प्रचण्ड अव परोपकारी तानाशाह चाहियो भन्न थालेका छन् । संविधान जारी भयो, कार्यान्वयन गरेर विधिको शासन स्थापित गर्न असमर्थ भएर हार खाएका प्रचण्ड अव बेनिभोलेन्ट लिडरको नेपालीकरण परोपकारी तानाशाहको आवश्यक भएको भन्दै आफै परोपकारी तानाशाह बन्ने आकांक्षी बनेर राजनीतिक थर्कीमा रणनीतिक पासा फेक्न पुगेका छन् । चुनाव गराएर जनप्रतिनिधिलाई सत्ता हस्तान्तरण गर्छु भनेर केही समय मागेका ज्ञानेन्द्र शाहलाई निरंकूश शासकका ठाउँमा गणतन्त्र कार्यान्वयन गराउन सफल भएका प्रचण्डको बल्ल चेत फिरेको छ र नेपालको प्रगतिका लागि परोपकारी तानाशाह चाहियो भन्न थालेका छन् ।

नेपाली जाली र झेली राजनीतिक खेल अव सिंगापुर र मलेसियाजस्ता मुलुक बनाउने परोपकारी तानाशाह लिक्वान युको नीति खोज्न थालेको छ । १० वर्षको राजनीति पत्रुको तौलमा झरिसकेका प्रचण्डले फेरि आफूलाई बहुमूल्य धातु शिद्ध गर्न नयाँ चटके कुरा गर्न थालेको हुनुपर्छ ।

प्रचण्डले के बोले, राजनीतिक र कूटनीतिक बृत्तमा भित्रभित्रै नेपालको राजनीतिक स्थिरता, शान्ति र विकासका लागि परोपकारी तानाशाह नै चाहिन्छ भन्ने विषयमा छलफल चल्न थालेको देखिन्छ, सुनिन्छ ।

९ बुंदे देखिने र ३ बुंदे नदेखिने सम्झौताको टेको लगाएर प्रचण्डले ओली सरकारलाई टिकाइदिएका थिए । बजेटपछि प्रचण्डलाई सरकारको नेतृत्व दिने विषयमा प्रम ओलीले कुनै भद्र सहमति भएको छैन भनेर टकटकिएपछि अस्ती आइतवार प्रचण्ड बालुवाटार नै पुगेर ओलीसँग घण्टा लामो गोप्य वार्ता गरेर फर्किए । त्यसपछि प्रचण्ड नेपाल राष्ट्रिय उद्योग व्यापार संगठनको महाधिवेशनलाई संवोधन गर्न गएका थिए । त्यही मञ्चबाट प्रचण्डले परोपकारी तानाशाहको बारेमा कुरा उठाएपछि प्रचण्डको अभिव्यक्तिको चर्चा भाइरल बनेको छ ।

स्वभाविक प्रश्न छ– प्रचण्डले ज्ञानेन्द्र शाह खोजेको कि तानाशाह ? विश्लेषकहरू भन्छन्– २०६३ सालको संसद पुनर्स्थापना र २०६५ साल जेठ १५ गतेपछि धेरै परिवर्तनहरू भए । त्यो परिवर्तन सँगसँगै अहिलेसम्म पनि प्रचण्ड सत्ता निर्माण, सञ्चालनमा किङपिनकै रूपमा रहेका छन् । यिनकै मुखबाट तानाशाहको आवश्यकताको उठान भएपछि संघीयतासहितको गणतन्त्रले यू टर्न लिन लागेको सहज अनुमान गर्न सकिन्छ ।

प्रचण्डका कुरालाई सिंगापुर र मलेसिया निर्माणमा लिक्वान युजस्ता परोपकारी तानाशाहको भूमिकाबाट प्रभावित भएका प्रचण्डले ठूला राजनीतिक दलहरूवीच सुशासन, शान्ति, विकास र समृद्धिका लागि त्यस्तै मोडलको खोजी बारेमा छलफल चलाएको पर्यवेक्षकीय धारणा छ ।

पूर्वराजा नुवाकोटदेखि झापासम्मको भ्रमण गरेर 'मियो' बन्न तैयार रहेको अभिव्यक्ति दिइरहेका बेलामा प्रचण्डले तानाशाहको सवाल उठाएर आगोमा घ्यू थपिदिएका छन् र परिवर्तनकारी राजनीतिले १० वर्षमा मुलुक सम्हाल्न नसकेको आत्मालोचना गरेको रूपमा पनि उनका अभिव्यक्ति लिइएको छ ।

यसअघि राष्ट्रिय सहमति बनेन भने ठूलो राजनीतिक दुर्घटना हुनसक्ने आशंका प्रचण्डले व्यक्त गरिसकेका थिए । उनको यो आशंका र तानाशाहको कुराले राजनीतिक दलहरूभित्रैबाट बेनिभोलेन्ट तानाशाह जन्मनुपर्ने प्रस्ताव गरेका हुन् । अहिले पनि प्रचण्ड पूर्वराजाप्रति पूर्वाग्रही नै देखिएका छन् ।

यद्यपि गणतन्त्र स्थापना भएपछि ज्ञानेन्द्र राजा त जंगलवासतिर लागे, जनताको थाप्लोमा थुप्रै पार्टी राजाहरूले घिरिङ खेलिरहेका छन् । ती राजाभन्दा यी राजाहरू यथार्थमा निरंकूश, भ्रष्ट, अनैतिक र कूशासक बनेको अनुभव छ आम नेपाली जनताहरूको । प्रचण्डकै शव्दमा 'हामीले लोकतन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रको निम्ति रगत पसिना बगाएका हौं, सबै पार्टीहरूका वीचमा झगडा मात्रै भइरहने, सधै पावरको निम्ति लुछाचुँडी गरिरहने होहो भने यो स्थिति नेपालमा परोपकारी तानाशाहको आवश्यकता त होइन कतै ? नेपालमा हामी भन्दा बाहिर कोही परोपकारी तानाशाहा आउनेवाला छैन । आयो भने निरंकुश तानाशाह मात्र आउनेवाला छ । जसले नेपाली जनताले अहिलेसम्म प्राप्त गरेका उपलब्धीलाई धराशायी पार्ने र देशलाई डरलाग्दो अध्यारोतिर धकेल्ने खतरा छ ।'

लोकतन्त्र अव तानाशाह निम्त्याउने मोडमा पुगेछ । सकेनन्, लोकतान्त्रिक परिवर्तन गर्ने नेताहरूले राजनेता बनेर राजनीतिक राजमार्ग खन्न सकेनन् । प्रतिक्षा यतिमात्र छ कि तानाशाह राजनीतिक दलहरूभित्रैबाट जन्मन्छ कि पूर्वराजा परोपकारी तानाशाहका रूपमा निस्ने हुन् । सम्भाबना दुबैको छ र लाग्छ, जनतामा बढेको नैरास्यताको लेखाजोखा गर्ने हो र छिमेकीको चाहनाको विश्लेषण गर्ने हो भने पूर्वराजा नै नेपालको भविष्य बनेर उदाउनेवाला छन् ।

त्यसो त पूर्वराजा भर्खर नुवाकोट भएर झापा पुगेर अस्ति आइतवार राजधानी फिरेका छन् । उनी राजधानीका तीन सहरका देवदेवीको मन्दिर दर्शनका लागि पैदल हिडिदिए भने प्रचण्डले भनेको परोपकारी तानाशाहको स्पष्ट तस्वीर सडकमै देखिनेछ ।

होइन, ओलीको काँध फेर्दै प्रचण्ड प्रधानमन्त्री बने भने परोपकारी तानाशाह बन्ने प्रयास गर्ने निश्चित छ । तर, पश्चिम बंगालको ज्योतिबसु शासनजस्तो गर्न प्रचण्डलाई सम्भव छैन । हुन त उनले यसैका लागि माओवादी केन्द्र गठन गरेका हुन् र ओलीको सत्ता निर्माण र केही दिन टिकाएर आफू उभिने धरातल बलियो पारेका पनि छन् ।

यथार्थ के पनि छ भने प्रचण्ड तेस्रो पार्टी हुन् र अवको निर्वाचनमा उनको पार्टी योभन्दा तल खस्किनेवाला छ । यी १० वर्षमा प्रचण्डले जनताको पक्षमा कुनै काम गरेकै छैनन् र जनयुद्धकालीन गम्भीर अपराधको भूतले प्रचण्डलाई तर्साएर उज्यालो, अँध्यारो कुन ठाउँमा पुऱ्याउने हो, अहिले नै स्पष्ट भन्न सकिन्न । जेहोस्, प्रचण्डले तानाशाह खोज्ने संकेत गरेका छन्, त्यो तानाशाह प्रचण्ड आफै हुन् कि ज्ञानेन्द्र शाह ? केही समयमै स्पष्ट हुने छ ।

यद्यपि परोपकारी तानाशाहको चर्चाले व्यापकता लिइरहेको बेलामा अस्ती सोमवार प्रचण्डले स्पष्ट पारेका छन्– भद्र सहमति भएकै हो, बजेट पारित भएपछि भद्र सहमति कार्यान्वयन हुनेछ । अर्थात, प्रचण्डले ओलीसँग गोप्य वार्ता गरेर भद्र सहमतिलाई अन्जाम दिने वातावरण बनाएका छन् । प्रचण्ड नयाँ सरकारको खाका कोर्न थालिसकेका छन् ।

भन्न सकिन्न, यो मुलुक भनेको रात रहे अग्राख पलाउने मुलुक हो । बजेट पास हुन्जेल राजनीतिमा अनेक उतारचढाव आइसक्न बेर छैन । प्रष्ट कुरो चाहिं के हो भने ओलीको शक्ति खस्किए पनि उनको चर्को उखानटुक्के भाषणको कलामा कुनै परिवर्तन आएको देखिदैन । जनतकाँले केही पाएनन्, जनताको पीडामाथि पीडा थपिएको छ तर कमरेड ओलीपछि अर्को कमरेड प्रचण्ड प्रधानमन्त्री हुँदैछन् । जनता, हर्षित हुनुपर्ने कारण छैन किनभने कौवालाई बेल पाक्यो हर्ष न बिष्मात् ।

## साल्ट ट्रेडिङको ४९ औं साधारणसभा सम्पन्न

काठमाडौं । साल्ट ट्रेडिङ कर्पोरेशनले यही जेठ २६ गते ४९ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ । कर्पोरेशनका अध्यक्ष लक्ष्मीदास मानन्धरको अध्यक्षतामा सो साधारणसभा सम्पन्न भएको थियो । सो अवसरमा शेयर होल्डरले उठाएका विभिन्न प्रश्नहरूको जवाफ अध्यक्ष मानन्धर र कर्पोरेशनका सिईओ उर्मिला श्रेष्ठले दिएका थिए ।



साधारणसभाले शेयर सदस्यलाई १० प्रतिशत लाभांश र १५ प्रतिशत बोनस शेयर दिने निर्णयसमेत गरेको छ । आर्थिक वर्ष २०७१/०७२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुहुँदै कर्पोरशेनका अध्यक्ष लक्ष्मीदास मानन्धरले उक्त वर्ष रू. ६ अर्ब ९६ करोडको कारोबार गरेको अवगत गराउँदै चालू आर्थिक वर्षको वैशाख मसान्तसम्म रू. ४ अर्ब ८५ करोडको कारोबार गरिसकिएको जानकारी दिएका थिए । सो वर्ष कर्पोरेशनले कूल मुनाफा रू. ५६ करोड ९ लाख आर्जन गर्न सफल भएको थियो । मानन्धरले कर्पोरेशनलाई ८५ हजार मेट्रिक टन रासायनिक मलको कारोबार गर्न इजाजत दिएकोमा ५० हजार मेट्रिक टन आयात गरिसकेको र बाँक ३५ हजार मेट्रिक टन रासायनिक मल आयात प्रक्रियामा रहेको उल्लेख गर्नुभयो ।

सर्वसाधारण जनतालाई सुपथ मूल्यमा अति आवश्यक वस्तुहरू सुल गराउने दायित्व निर्वाह गर्दै आएको साल्ट ट्रेडिङले आफ्नो व्यवसायिक मर्यादा कायम राख्नै सामाजिक उत्तरदायित्व पनि पूरा गरेको छ ।

विनाशकारी भूकम्पपछि कर्पोरेशनले आपूर्ति व्यवस्थामा अहोरात्र लागि व्यवस्थित गर्दै आएको र अमेरिकी कम्पनीसँग व्यवसायिक एवं प्राविधिक सहकार्यमा भूकम्पप्रतिरोधी प्रविधिमा आधारित भवनहरू निर्माण गर्ने उद्देश्य लिएर फ्युचर वर्कस प्रालिसँगको संयुक्त लगानीमा स्थापना गरी कर्पोरेशन निर्माण क्षेत्रमा प्रवेश गरेको छ । कर्पोरेशनबाट प्रबर्द्धिन मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेडमार्फत् विभिन्न आन्दोलनको समयमा समेत उपभोक्तालाई सहजरूपमा ग्याँस आपूर्तिमा समेत योगदान पुऱ्याएको जो कसैलाई थाहा भएकै कुरा हो ।

त्यसैगरी कर्पोरेशनले चिनीको बजार अनियन्त्रित भई रू. ८०।८५ प्रतिकेजी पुगेको अवस्थामा नेपाल सरकार मन्त्रिषद्बाट भर्खरै ३० हजार मेट्रिक टन चिनी १ प्रतिशत भन्सार सुविधामा आयात गरी बिक्री वितरण गर्न दिन निर्णय भएको जनाएको छ । त्यहीअनुसार आयातको प्रक्रियामासमेत कर्पोरेशन अगाडि बढिसकेको जानकारी सो अवसरमा दिइएको थियो । कर्पोरेशनले आफ्नो वार्षिकोत्सवको अवसर पारेर भदौ २७ गते बालहितकारी पुरस्कारसहित छात्रवृत्तिहरूको व्यवस्था गरेको जनाएको छ भने कर्पोरेशन प्रेसिडेन्ट स्व. हेमबहादुर मल्ल सम्मानसमेत प्रदान गर्दै आएको छ ।



# Obama-Ghani-Modi Axis Behind Afghan Chaos

Afghanistan has a reasonable Sikh population in some of its urban centres. They share the grim sentiment of mainstream Sikh community and resent the way former and incumbent Presidents Hamid Karzai and Ashraf Ghani try to befriend India. They see it as some form of evolving anti-Sikh nexus. Pakistan maintains that India uses Afghan soil against Pakistan. Kabul's India leaning is no secret. Asked about the 'third country' undermining Kabul-Islamabad relations, Karzai said: "It shows our weaknesses." He acknowledged that 'third force' has been involved in Afghanistan since long but Kabul never 'allowed it to materialise its dreams'. He said, "Pakistan has right to ensure territory of its neighbours is not used against it."

In another erratic assessment, former Afghan president Hamid Karzai has welcomed reconciliation between Afghan government and Gulbudin Hekmatyar's Hizb-e-Islami. He also appreciated inclination by Mullah Rasool's faction of Taliban to engage with Kabul."I support all steps towards peace and reconciliation. Peace is the only way for survival", he said.Ashraf Ghani and Karzai may be betting wrong hors for real power to unleash or hold back field operations in Afghanistan rests elsewhere. Karzai also blamed Pakistan's Afghan policy: Pakistani establishment should focus on strengthening friendly relations with Afghans instead of using pressure tactics."

While mainstream Afghan Taliban have rejected immediate direct talks with the Afghan government, the breakaway Taliban faction led by Mullah Muhammad Rasool has expressed the willingness to hold talks with the Afghan government. The Taliban's spokesman, Zabihullah Mujahid, has branded Rasool's faction "a government army in the shape of the Taliban." He claimed that Rasool was supported by Kabul and Washington. Whenever prospects of peace talks become visible, some incident happens to sabotage the process. The Murree dialogue was ruined by the sudden disclosure of the death of Mullah Omar and now when there were some hopes of resumption of the dialogue process, the drone attack was carried out to kill the top leader of Afghan Taliban. Undoubtedly, the killing of Mansour has complicated the Afghan peace process and put Pakistan into a more difficult situation as it was working actively and vigorously under the umbrella of Quadrilateral Coordination Group (QCG) to bring the Taliban on negotiations table.

Killing of Taliban leader Akhter Mansour was a gross error of judgement on America's part. He had managed the Taliban very well as proxy of Mullah Omar for nearly two years after Omar's death, and had succeededin in making them part of negotiations, till abortive second round of Murree peace process. Outbreak of Mullah Omar's death triggered a war of attrition amongst various factions of Taliban; Mullah Akhtar Mansour emerged most powerful as all prominent figures of Taliban leadership aligned behind him, including the Haqqanis and immediate family members of Mullah Omar. Pakistan's assessment has it that Mansour was not opposed to peace talks. His boys from Doha had all along been visiting relevant capitals for spade work in run-up to re-railing of negotiations.—:

Akhtar Mansour had emerged as a credible dialogue partner who could enter into an agreement and had the power as well as clout to implement it as well. By all means, negotiations were expected to be tough and Mansour was expected to continue with tactical attacks to augment his bargaining position. His successor(s) would follow the suit unless enabling CBMs are floated by America-Afghan duo that a typical Taliban supremo could sell amongst the middle and lower echelons of Taliban leadership as well as to an overwhelming number of Taliban foot soldiers. US officialhad hopedthat Mansour's death would eliminate an obstacle to peace negotiations. The opposite has happened.

Obama has conceded that there are no hopes for revival of peace talks in the near future. Swift selection of a hard-line cleric as the new Taliban chief has surprised Americans as they must be expecting anotherround of bloody battles for succession and then bagging support of breakaway factions. Peaceful transition of leadership indicates that organization has come of age. In all probability, key Taliban leaders would now go underground for security reasons and wait for new administration in Washington. Tactical commanders are likely to continue their attacks in urban centres so that entity staysrelevant to conflict resolution. At least for now, Obama is destined to leave decision on how to end America's longest war to his successor.

Pakistan and Afghanistan discussed on May 30 the fate of a fledging reconciliation process in the aftermath of Mansour's death. Issue was taken up in a meeting between Afghan Ambassador in Islamabad Dr Hazrat Omar Zakhilwal and Prime Minister's Adviser on Foreign Affairs Sartaj Aziz. Aziz told the Afghan envoy that Pakistan still believed negotiations was the only viable option to bring lasting peace to Afghanistan. Aziz informed Zakhilwal that Pakistan was (still) ready to facilitate talks but for that both Kabul and other stakeholders, including the United States, had to give firm assurances that they would not take any unilateral action against the Taliban leadership.

For any peace deal to have acceptance amongst Taliban cadres, it ought to radiate credible impression that it has been clenched by Taliban leadership from a position of strength. Even though back home Americans could keep projecting a victory. And the sitting Afghan government has to be humble and at the giving end. And any deal to be acceptable to Pakistan must ensure that it caters for effective cut offs with regards to Indian interference into Pakistan through Afghanistan.If Obama-Ghani-Modi axis is willing for this, a political settlement in Afghanistan could come by in weeks. And if peace process is a cover for sustaining chaos in Afghanistan and facilitating Indian sponsorship of terrorist activities in Pakistan's urban centres then good luck to America and its proxy rulers of Afghanistan. If so, then it may be time for Pakistan to make a bold course correction—starting with repatriation of Afghan refugees and stringent border management. Pakistan has it platter full of other priority issues.

At this point and time killing of Mansour raises a pointed questions about on which side of peace process various actors are? Does America want peace in Afghanistan or wants to keep the pot boiling to add back more troops to Afghan theatre? Was the option of killing Mansour discussed in the QCG meeting held immediately before the drone attack? Or, Is the QCG a dummy body to gain time and America is working on bilateral channel with Afghan government to impose its own version of peace settlement by co-opting dormant militant Afghan entities? Is India instrumental in derailing the Afghan peace process?

Will the Afghan Sikh community begin asserting its minority rights in Afghanistan? As of now one could have only partial answers to these tricky questions; and the content could vary hugely from respondent to respondent. One thing appears certain about Afghanistan: pro-turmoil lobby is quite strong, and peace in Afghanistan is a far cry!

***By : Khan***



# गुटबन्दीले कमजोर बन्दै प्रहरी संगठन

*एनआर मैनाली*

गत वर्षको भूकम्पपछि देशको राजनीतिक नेतृत्व चरम अलोकप्रिय भयो । उद्धार र राहत वितरणमा राम्रोसँग काम गर्न नसकेको भन्दै सरकारको तीव्र आलोचना भयो । सरकार तथा राजनीतिक नेतृत्वको त्यसरी आलोचना भइरहेका वेला अर्कोतर्फ राज्यका सुरक्षाकर्मीले भने 'भगवान्'को छवि बनाइरहेका थिए । भूकम्पका वेला मात्र नभई अन्य अवस्थामा पनि समाजमा प्रहरीको छवि 'हिरो'का रूपमा स्थापित हुँदै गएको छ । त्यही प्रहरी कुनै समय समाजमा सबैभन्दा भ्रष्ट संयन्त्रका रूपमा बदनाम थियो । आज त्यही प्रहरीलाई भगवान् मान्ने जमात समाजमा बढ्दै गएको छ ।

पछिल्लो दशकमा देशमा वास्तवमै सबैभन्दा सुधार भएको राज्यको अंग भनेको नेपाल प्रहरी नै हो । समाजमा प्रहरीप्रतिको विश्वास र भरोसा बढ्दै गएको छ । हिजो पैसा कमाउन प्रहरी अधिकारीबीच अस्वस्थ प्रतिस्पर्धा हुन्थ्यो भने आजभोलि राम्रो काम गरेर नाम कमाउने प्रतिस्पर्धा चलिरहेको देखिन्छ । यही प्रतिस्पर्धाले आज नेपाल प्रहरीको छवि माथि उठेको हो ।

जनमानसमा प्रहरीको छवि जसरी राम्रो बन्दै गएको छ, त्यस रूपमा प्रहरी बलियो हुँदै जानुपर्ने हो, प्रहरीभित्र प्रोत्साहनको वातावरण बन्नुपर्ने हो । तर, प्रहरी संगठनभित्रको अवस्था भने त्यस्तो छैन । प्रहरीभित्र पछिल्लो समय निराशा बढ्दै गएको छ । सरूवा, बढुवामा हुने राजनीतिक हस्तक्षेप र प्रहरी नेतृत्वका लागि हुने चलखेलले प्रहरी संगठन कमजोर हुँदै गएको छ । अहिले पनि प्रहरी नेतृत्व त्यस्तै खेलले गर्माएको छ ।

प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्याल र उनका 'ब्याचमेट' प्रहरी इतिहासमा व्यावसायिक र भद्र पुस्ताका रूपमा चिनिन्थे । डिआइजी हुँदासम्म अर्यालको राजेन्द्रसिंह भण्डारी, सुरेन्द्रबहादुर शाह, विज्ञानराज शर्मालगायत 'ब्याचमेट'हरूसँग निकै सुमधुर सम्बन्ध थियो । उनीहरूको मित्रताको प्रहरीबाहिर पनि चर्चा हुने गर्थ्यो । आइजिपीका प्रतिस्पर्धीबीचकै मित्रताले गर्दा उक्त ब्याचबाट जो आइजिपी भए पनि प्रहरीभित्र यो पुस्ताले निकै सुधार ल्याउने अपेक्षा गरिएको थियो ।

सामान्यतया प्रहरीमा आफ्नो ब्याचमा अग्रपंक्तिमा रहेका अधिकृतहरूबीच सुरूदेखि नै गुटबन्दी हुने गर्छ । तर, अर्यालको 'ब्याच' यस मामिलामा फरक थियो । उनीहरू व्यावसायिक रूपमा पनि अगाडि थिए र एकअर्काको खुट्टा तान्ने खेलमा पनि लागेका थिएनन् ।

त्यही मित्रताका कारण आइजिपी हुने वेलामा पहिलेजस्तो फोहोरी खेल नहुने धेरैको अनुमान थियो र भएन पनि । सरकारले आइजिपीको पद रिक्त हुनु दुई साताअघि उपेन्द्रकान्त अर्याललाई एआइजीमा बढुवा गरेर आइजिपीका लागि तयार बनायो र ०७० मंसिरको पहिलो सातादेखि उनी आइजिपी भए । अघिल्लापटक जस्ता पर्दापछाडि ठूला चलखेल तुलनात्मक रूपमा भएनन् पनि । अर्यालले प्रहरीको नेतृत्व गरेको ठ्याक्कै साढे दुई वर्ष भएको छ । तर, यो नेतृत्वबाट संगठनले जुन अपेक्षा गरेको थियो, त्यो बिस्तारै निराशामा बदलिन थालेको छ ।

आइजिपी अर्याल र उनका ब्याचमेटबीचको मित्रता अहिले दुस्मनीमा बदलिएको छ । पद र मह□वाकांक्षाले उनीहरूको मित्रता मात्र टुटेन, प्रहरी नेतृत्वको एकता नै छिन्नभिन्न हुन पुगेको छ । आज आइजिपी अर्यालको उनै एआइजीहरूसँग राम्रो बोलचाल पनि हुन छाडेको छ ।

पहिलो नम्बरका र क्षमतावान् मानिने एआइजी राजेन्द्रसिंह भण्डारी राष्ट्रिय सुरक्षा परिषद्मा 'थन्क्याइएका' छन् । दोस्रो नम्बरका सुरेन्द्रबहादुर शाह प्रहरी एकेडेमीमा छन् । तुलनात्मक रूपमा कम व्यावसायिक एआइजीका रुपमा चिनिएकाहरूलाई आइजिपीले मह□वपूर्ण विभागको जिम्मेवारी दिएर संगठन चलाइरहेका छन् ।

एआइजी भण्डारीले राष्ट्रिय प्रहरी तालिम प्रतिष्ठानमा हुँदा धेरै सुधारको प्रयास गरे । एआइजी सुरेन्द्रबहादुर शाहले पनि अपराध अनुसन्धान विभागलाई नयाँ स्वरूपमा अघि बढाए । तर, उनीहरू दुवैजना यतिवेला आइजिपीबाट टाढिँदै मात्र छैनन्, आइजिपीलाई असहयोग नै गरेको सुनिँदै छ । अझ आइजिपीलाई नै फाल्ने खेलसमेत सुरू भएको हल्लाले संगठन यतिवेला तातेको छ ।

यसरी संगठनको नेतृत्वमा गुटबन्दीका पछाडि आइजिपी र एआइजीहरू दुवै पक्षका कमजोरी छन् । आफू आइजिपी भएपछि अर्यालले पनि एआइजीहरूलाई विश्वासमा लिन सकेनन् । आइजिपीको कार्यशैली दम्भपूर्ण देखिने गरेको छ । एआइजीहरू पनि मनमा कुण्ठा बोकेर आइजिपीलाई असहयोग गर्ने अभियानमा लागे । त्यही गुटबन्दी चर्किँदै जाँदा अहिले केही एआइजी खुलेर आइजिपी हटाउनसमेत लागेका छन् । प्रहरीको चेन अफ कमान्ड निकै कमजोर भएको छ । आइजिपी शक्तिकेन्द्रहरूसँग कुनै अडान लिन नसक्ने अवस्थामा पुगेका छन् ।

आइजिपी र एआइजीबीच सधैँ टकराव हुनुको एउटा कारण भनेको दुई पदबीचको दूरी हो । अधिकारका हिसाबले आइजिपी र एआइजिपीबीचको दूरी डिआइजी र इन्स्पेक्टरबीचको जस्तो छ । अझ जथाभावी एआइजीका दरबन्दी सिर्जना गर्ने प्रवृत्तिले एआइजीसँग एसपीसँग जति पनि अधिकार हुँदैन । यसले पनि प्रहरीमा गुटबन्दीलाई प्रोत्साहन गरेको छ । नेपाल प्रहरीमा सुरूमा एआइजीको दरबन्दी एउटा मात्र थियो । संगठनको नभई व्यक्तिको आवश्यकताअनुसार त्यसलाई बढाउँदै जाँदा अहिले ११ एआइजी पुगेका छन्, जसले संगठनको चेन अफ कमान्ड अस्तव्यस्त हुन पुगेको छ । सामूहिक नेतृत्वका आधारमा संगठन चल्ने र एआइजीमाथि आइजिपीले समेत कारबाही गर्नसक्ने प्रणाली नभएसम्म नेतृत्व तहमा यस्तो खेल चली नै रहन्छ ।

आइजिपी भएपछि अर्यालले संगठनमा सुधार नै नगरेका होइनन् । वामदेव गौतम गृहमन्त्री हुँदा उनी धेरै हदसम्म अनुचित दबाब रोक्न सफल भए । राजनीतिक लबिङमा नलागे पनि संगठनले हेर्छ भन्ने विश्वास थोरै भए पनि सुरू भएको थियो । उनले राम्रो काम गर्नेलाई प्रोत्साहन हुने वातावरण पनि बनाए । प्रहरीको बजेट तथा खरिदलाई धेरै हदसम्म उनले पारदर्शी बनाए । ठूला नेतानिकट दुईजना गुन्डा नाइके उनकै कार्यकालमा प्रहरी 'इन्काउन्टर'मा मारिए, जसले गर्दा देशभरि नै प्रहरीदेखि गुन्डाहरूको सातो जाने अवस्था आएको छ । जतिसुकै पहुँच भए पनि गलत गरेपछि बच्न सकिन्न भन्ने सन्देश समाजमा प्रहरी दिन सफल भयो ।

तर, पछिल्लो उनका केही निर्णयले संगठनप्रति निराशा बढेको छ । पद रिक्त भएको लामो समयसम्म पनि बढुवा गर्न नसक्ने र गरे पनि त्यसमा निष्पक्ष मूल्यांकन नहुने स्थिति देखिन थालेको छ । पछिल्लो डिएसपी बढुवाको नजिरले प्रहरीमा आइजिपीप्रतिको विश्वास गुमेको छ । बढुवा भएका ४५ मध्ये पछिल्लो ब्याचका १० इन्स्पेक्टरमध्ये सबैजसो शक्तिकेन्द्रको सिफारिसमा परेका नाम थिए । यसले उनले शक्तिकेन्द्रहरूको दबाब थेग्न नसकेको देखाउँछ । नयाँ नियमावलीले बढुवामा निष्पक्षता ल्याउने विश्वास गरिए पनि त्यो हुन सकेको छैन । बढुवा हुनेहरूको सूची बनाएर नम्बर मिलाउने प्रवृत्तिले बढुवामा सधैँ चलखेल हुने गरेको छ । त्यही कारण बढुवा सधैँ विवादित हुन्छ । पहुँच नभएकाहरू जति राम्रो काम गरे पनि पछि पर्ने अवस्था छ ।

आइजिपी भएर पनि सानो टिमभित्रै सीमित हुने र निष्पक्ष मूल्यांकनका आधारमा सरूवा-बढुवा हुन छाडेको गुनासो बढ्दै गएका छन् । यसमा आइजिपीका बाध्यता र कमजोरी दुवै छन् । एआइजीहरूको असहयोगले गर्दा आफ्नो पद बचाउन शक्तिकेन्द्रहरूको सिफारिस उनले अस्वीकार गर्न नसकेको उनका पछिल्ला निर्णयबाटै प्रस्ट हुन्छ । सरूवा-बढुवा मात्र होइन, कालोबजारीको आरोपमा औषधि व्यवसायीहरू पक्राउ पर्दासमेत उनले थुन्ने आँट गर्न सकेनन् ।

**जनमानसमा प्रहरीको छवि जसरी राम्रो बन्दै गएको छ, त्यस रूपमा प्रहरी बलियो हुँदै जानुपर्ने हो, प्रहरीभित्र प्रोत्साहनको वातावरण बन्नुपर्ने हो । तर, प्रहरी संगठनभित्रको अवस्था भने त्यस्तो छैन । प्रहरीभित्र पछिल्लो समय निराशा बढ्दै गएको छ । सरुवा, बढुवामा हुने राजनीतिक हस्तक्षेप र प्रहरी नेतृत्वका लागि हुने चलखेलले प्रहरी संगठन कमजोर हुँदै गएको छ । अहिले पनि प्रहरी नेतृत्व त्यस्तै खेलले गर्माएको छ ।**

निकै भद्र मानिएका अधिकृतहरू नेतृत्वमा हुँदा त प्रहरी यस्तो अवस्थामा पुगिसकेको छ भने अबका दिन कस्ता होलान् ? अहिले आइजिपीविरूद्ध भएका खेल तथा आइजिपीका भावी दाबेदारबीचको अस्वस्थ प्रतिस्पर्धा हेर्दा प्रहरीको भविष्य अँध्यारो छ । अहिल्यै आफूविरूद्ध एआइजीहरू खुलेर लाग्दा पनि आइजिपी निरीह हुनुपरेको छ । भावी आइजिपीका दाबेदार मानिएका डिआइजीहरू एकले अर्काको अस्तित्वसमेत स्वीकार गर्न नसक्ने स्वभावका छन् । त्यसका लागि एक वर्षपहिलेदेखि नै अनेक खेल सुरू भइसकेको छ । आइजिपी हुनका लागि तस्करदेखि नेतासम्मलाई हात जोड्दै हिँड्ने डिआइजीहरूसमेत छन् । इमानदार भएर बस्नुभन्दा जे गरेर भए पनि माथिल्लो पदमा पुग्नैपर्छ भन्ने डरलाग्दो संस्कृति प्रहरी नेतृत्वमा मौलाएको छ ।

धेरै प्रहरी अधिकारीले राजनीतिक हस्तक्षेपका कारण प्रहरी कमजोर भएको बताउने गर्छन् । तर, त्यो राजनीतिक हस्तक्षेप प्रहरी अधिकारीले नै निम्त्याउने गरेका छन् । आफ्नो व्यक्तिगत आकांक्षा पूरा गर्न प्रहरी अधिकारी नेतालाई विभिन्न आश्वासन बाँडेर दौडधुपमा लागेपछि राजनीतिक नेतृत्वले खेल्नु स्वाभाविक हो । जो आइजिपी बन्न तस्करदेखि नेताहरूसम्म हात फैलाउँदै हिँड्छन्, भोलि नेतृत्वमा पुगे भने उनीहरूबाट प्रहरी संगठन र देशले के पाउला ? प्रहरीमा राजनीतिक नेतृत्वले आफूले चाहेको व्यक्तिलाई आइजिपी बनाउने र फाल्ने खेल खेलिन थाल्यो भने प्रहरीका लागि त्यो निकै घातक र डरलाग्दो हुनेछ ।

संगठन प्रमुख कमजोर हुनु भनेको सिंगो संगठन नै कमजोर हुनु हो । प्रहरी संगठन कमजोर हुनु भनेको देशमा विधिको शासन कमजोर हुनु हो । केही वर्षयता राजनीतिक दबाब प्रहरीमा कम हुँदै गएको थियो । तर, संगठनको नेतृत्वभित्रै एकता हुन नसकेपछि प्रहरीमा फेरि राजनीतिक दबाब हाबी हुन थालेको छ । संगठनलाई ध्वस्त बनाएर आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्न प्रहरी अधिकारी तयार देखिन्छन् ।

संगठनका लागि व्यावसायिक रूपमा काम गर्नेहरू पीडित हुँदै गइरहेका छन् । कुनै प्रहरीले नेताको पछाडि नलागी उत्कृष्ट काम गरेर करिअर बनाउँछु भन्ने वातावरण छैन । दुःख गर्नेभन्दा हाकिम तथा नेताहरूको चाकडी गर्नेहरू संगठनमा हाबी हुँदै गएका छन् । यो प्रवृत्ति बढ्दै गयो भने प्रहरीको छवि पुरानै अवस्थामा नफर्कला भन्न सकिन्न ।

देश संक्रमणकालमा छ । संघीय संरचनाको गृहकार्य भइरहेको छ । संघीयतामा प्रहरी कस्तो हुने, केन्द्रीय प्रहरी र प्रदेश प्रहरीबीचको सम्बन्ध कस्तो हुने, संघीयतामा प्रहरीलाई कसरी बलियो बनाउने भन्नेमा प्रहरी नेतृत्वमा रहेकाहरू कसैलाई चिन्ता छैन । राजनीतिक नेतृत्वले आफुलाई फाइदा हुने गरी प्रहरीलाई नियन्त्रण गर्नसक्ने किसिमले कानुन बनाउन खोज्छन् । यस्तो अवस्थामा प्रहरी नेतृत्व व्यक्तिगत स्वार्थमा केन्द्रित भयो भने भोलिको प्रहरीको हालत के होला ?

नेपालकै उत्कृष्ट कोरियन भाषा इन्स्टिच्यूट
सिन्ह्वा कम्पनी प्रा.लि.
बागबजार, काठमाडौं
(पिके क्याम्पस अगाडि, यति प्लाजा)
फोन : ०१-६९२३१५२, ६९२३१३०



# अबको आन्दोलन समाजिक र पूर्वाधार विकासका लागि

*रानी शर्मा*

कुनै पनि समाज पछाडि पर्नुमा राज्य वा सत्ताधारीहरूबाट हुने दमन, विभेद र शोषण जिम्मेवार हुन्छ, भने अर्कोतर्फ पछाडि परेको समुदायभित्र रहेको कमजोरी, अनेकता र अज्ञानता वा चेतनाको अभाव पनि त्यति नै जिम्मेवार हुन्छ । पछाडि परेको समुदायमा भएका कमजोरीहरु पहिलेदेखिकै निरन्तरता वा राज्यबाट सिर्जना भएको विभेदका कारणबाट पनि हुनसक्छ । पछाडि परेका वा पारिएका समुदाय वा क्षेत्रमा रहेको कमजोरीलाई शासक वा शोसक वर्गले कायम राखि आफ्नो शासन र शोषण कायम राख्न चाहन्छ । शोसित समुदायले अधिकारका लागि आवाज उठाउँदा आफ्ना सम्पूर्ण पछौटेपनको दोष समेत शासक वा राज्यपक्षलाई दिन्छ ।

शासकले आफ्नो शासन र शोषण कायम राख्न शोसित समुदायमा विभिन्न नाममा आपसी विभेद फैलाउने, फुटाउने, अवसरबाट बन्चित गरिरहने र विरोधमा उठेका आवाजलाई दबाउन साम, दाम, दण्ड, भेदको प्रयोग गर्छ । पछाडि परेको समुदाय सामदाम दण्ड भेदको चक्करमा परेर सबै थोकको दोष शासन गर्नेहरु माथी थोपर्दै आन्दोलन गरिरहन्छ । यस्तो आन्दोलन या त कमजोर हुँदै जान्छ, या त निकै लामो हुन्छ । विश्वमा सफल भएका स्वतन्त्रता वा अधिकारका आन्दोलनको इतिहासलाई हेर्ने हो भने, राजनीतिक मात्र होइन सामाजिक आन्दोलन र विकासको आन्दोलनलाई समेत सँगसँगै लिएर अगाडि बढेका आन्दोलनहरु अपेक्षाकृत बढी र छिटो सफलतामा पुगेका छन् । राजनीतिक आन्दोलनबाट मात्रअधिकार प्राप्त गरेका समुदायहरूमा सामाजिक विकासको क्रम कमजोर हुँदा प्राप्त उपलब्धि समेत सदुपयोग हुन नसकेका र पुनः आपसी द्वन्द्वका कारण तहस नहस भएका प्रशस्त उदाहरण छन् ।

नेपालमा मधेशी (मधेशी भित्रका दलित जनजाती समेत), जनजाति, दलित, कर्णाली लगायतका पछाडि पारिएका वा परेका समुदाय र क्षेत्रका आन्दोलनहरूमा राजनीतिक रूपमा सबै भन्दा मजबुत देखिएको आन्दोलन हो मधेश आन्दोलन र सबैभन्दा कमजोर देखिएको छ कर्णाली आन्दोलन । सबै भन्दा मजबुत देखिएको मधेश आन्दोलनले सयकडौं मधेशी युवाको शहादत दिंदा पनि अधिकार प्राप्त गर्न सकेको छैन । त्यति मात्र होइन सामाजिक विकासको दृष्टिकोणले समेत अगाडि बढ्न सकेको छैन । अर्को तर्फ राजनीतिक रूपमा सबैभन्दा कमजोर देखिने कर्णालीका मागहरु पुरा गरिएका छन् ।

राजनीतिक माग पुरा हुनुमा कर्णालीका बासिन्दा साशक समुदायका भएकोले हुन सक्छ । तर सामाजिक विकासको दृष्टिबाट समेत विगत दुई दशकमा कर्णालीले फड्को मारेको छ । यसरी फड्को मार्नुमा त्यस क्षेत्रका सामाजिक अभियन्ता र संस्थाहरूको सामाजिक आन्दोलनको ठूलो योगदान छ । त्यति मात्र होइन कर्णाली राजमार्ग निर्माण अगाडि बढेको र मुर्त रूप लिएको पनि त्यहाँका स्थानीय सामाजिक र विकास अभियन्ताहरूको अभियानकै उपज हो ।

विकास गर्न कठिन भूगोल भएपनि विस्तारै विकासको दिशामा अगाडि बढ्दै गएको कर्णाली र सुगम भएर पनि विकासबाट टाढा हुँदै गएको मधेशको तुलना गर्दा, कर्णालीको विकासले गती लिनुमा त्यहाँका सामाजिक र विकास अभियानका अभियन्ताहरूले सामाजिक र विकासको पूर्वाधारको समस्यालाई स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उठाउन र प्रचार प्रसार गर्नु मुख्य कारण हो । यस्ता गतिविधिले सरकारको ध्यान मात्र पुगेन त्यस क्षेत्रमा बरु दबाबमा समेत पर्यो सरकार ।

मधेशमा राजनीतिक विभेदको कुराले बढी जोड पायो, कैयौं आन्दोलन पनि भए । कागजमै भएपनि केही राजनीतिक उपलब्धि समेत प्राप्त भयो । तर सरकारको मधेश माथी न आँखा गयो न दबाब नै पर्‍यो । मधेशको राजनीतिक आन्दोलनले जति उचाई प्राप्त गर्‍यो, सामाजिक र विकास अभियान त्यस अनुपातमा निकै पछाडि रह्यो । यसका पछाडि राजनीतिक नेतृत्वमा राजनीतिक अधिकार प्राप्त भएपछि र राजनीतिक विभेद समाप्ती या प्रदेश स्थापना पछि यी समस्या स्वतः समाधान भएर जान्छ भन्ने बुझाई हुन सक्छ । तर राजनीतिक चेतना वा विकाससँगै सामाजिक र पूवार्धार विकासका मुद्दालाई समेत आन्दोलनको रूपमा राजनीतिक मुद्दा सँगसँगै लान सकिएको भए मधेशले राजनीतिक अधिकार योभन्दा बढी शायद नपाउन सक्थ्यो ।

तर मधेशको विकास (सामाजिक र पूर्वाधार)को मुद्दाले राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा समर्थन र दबाब सिर्जना अवश्य गर्ने थियो । यस्ता अभियान र आन्दोलन चलाउन कमजोरी भएकै कारण सामाजिक विकास र चेतनाका लागि नेपालमा हुने अन्तर्राष्ट्रिय लगानी समेत मधेशभन्दा सामाजिक विकासको दृष्टिकोणबाट निकै अगाडि रहेका पाहाडि र हिमाली जिल्लामा खर्च भएका छन् ।

मधेशवादी दलहरूले सामाजिक र पूर्वाधार विकासका मुद्दालाई राजनीतिक आन्दोलनसँग जोड्न नसक्नु वा नचाहनुले मधेशको विकासमा नकारात्मक असर परिरहेको छ । सामाजिक विकास विना राजनीतिक विकास पनि सम्भव हुँदैन । यस कुरालाई मनन गरी मधेशको सामाजिक विकास र पूर्वाधार विकासका मुद्दालाई आन्दोलनको रूपमा अगाडि बढाउनु पर्छ राजनीतिक आन्दोलन सँगसँगै ।

मधेशमा सामाजिक आन्दोलनको नाममा केही गैरसरकारी संस्था र बुद्धिजीबीहरु लागेका त छन्, तर तिनको कार्यक्रम र गतिविधि मधेशको जमिन र यथार्थसँग जोडिन सकेको छैन । काठमाण्डूका तारे होटलमा सेमिनार गरेर मात्र मधेशको सामाजिक आन्दोलनले गति प्राप्त गर्न सक्दैन । भारतको स्वतन्त्रता आन्दोलनको दौरान समाजिक परिवर्तनको आन्दोललाई साथसाथै अगाडि बढाएका महात्मा गान्धीले दिल्ली वा कलकत्तामा मात्र बसेर सामाजिक अभियान चलाएका होइनन्, उनी र उनको टोलीका सदस्यहरु सो अभियानका लागि भारतका हजारौं गाउँ र लाखौं घरमा पुगेका थिए ।

मधेशको नाममा काठमाण्डू केन्द्रित सेमिनार गरेर मधेशको सामाजिक विकासका मुद्दा उठाउने सामान्य प्रचलनका बिच पनि केही युवा सामाजिक अभियन्ताहरु जमिनसँग जोडिएर (ग्राउण्ड बेस्ड) सामाजिक पूर्वाधार विकासका मुद्दालाई अगाडि बढाई रहेका छन् । भर्खरै केही दिन अघिदेखि जनकपुर भिट्ठामोड सडक निर्माण नभएका कारण स्वास्थ्यमा भइरहेको हानी र आर्थिक नोक्सानीलाई मुद्दा बनाएर मनोज झा मुक्तीको अगुवाईमा मधेशमा शान्तिपूर्ण आन्दोलन भइरहेको छ ।

यसअघि पनि सो सडकका लागि मनोज झाकै अगुवाईमा भएको आन्दोलन पछाडि राज्यले सो सडक निर्माणका लागि ठेक्का प्रकृया अगाडि बढाएको थियो । सीमित क्षेत्रमा भइरहेको यस्तो सामाजिक तथा पूर्वाधार विकासका आन्दोलनहरु अपेक्षाकृत सफल भइरहेका छन् । तसर्थ मधेशमा मौलाएको भ्रष्टाचार, जनचेतना लगायतका मुद्दा समेट्दै यस्ता अभियानहरुको क्षेत्र (विषयगत र भौगोलिक)दुवै विस्तार गर्नु पर्दछ ।

तराई मधेशमा विस्तारै सुरु हुँदै गरेको सामाजिक र पूर्वाधार विकासको मुद्दामा आधारित आन्दोलनहरूलाई विस्तार गर्दै मधेशव्यापी बनाउनु पर्दछ । यसका लागि मधेशका सबै जिलामा संगठन भएको मधेशवादी दलहरूले समेत आफ्नो संजाल परिचालन गरेमा मधेश आन्दोलनले नयाँ रूप र उचाई प्राप्त गर्ने पक्का छ ।

*(मधेश दर्पण फिचर सेवा)*

# जोखिममा युवा स्वरोजगारको लगानी

कपिलवस्तु । युवा स्वरोजगार कार्यक्रमअन्तर्गत कपिलवस्तुका युवालाई लगानी गरिएको लाखौं रूपैयाँ जोखिममा परेको छ । युवा स्वरोजगार कार्यक्रमअन्तर्गत कृषि विकास बैंकले लगानी गरेको रकममध्ये ६३ लाख रूपैयाँ नउठेपछि जोखिम बढेको जनाइएको छ ।

सरकारले तीन वर्षअघि ल्याएको युवा तथा साना व्यवसायी स्वरोजगार कार्यक्रमअन्तर्गत कृषि विकास बैंक तौलिहवा शाखाले ६३ जनालाई ८२ लाख रूपैयाँ लगानी गरेको थियो । जसमध्ये ४२ जनाले रकम फिर्ता नगरेकाले सावाँबापतको ६३ लाख रूपैयाँ उठ्न बाँकी रहेको कृषि कार्यालयले जनाएको छ ।

सरकारी योजनाअनुसार कृषि कार्यालयले न्यूनतम एक लाखदेखि ६ लाख ५० हजार रूपैयाँका दरले विनाधितो युवालाई रकम दिएको थियो । ९ असार ०७० मा खुद्रा व्यापार, कुखुरा, गाई, भैंसीलगायतका आयमूलक कार्यक्रममा जिल्लाका युवाले रकम लगेका थिए । मासिक १२ प्रतिशत ब्याजमा विनाधितो नागरिकताको भरमा तमसुक मात्र गराई दिइएको रकम अहिले भने डुब्ने खतरा बढेको कृषि बिकास बैंकले जनाएको छ । रकम लगेकामध्ये २१ जनाले मात्र फिर्ता गरेका छन् ।

ऋण लगेकामध्ये कतिपयले त अहिलेसम्म एकपटक पनि ब्याज बुझाउन नआएको बैंकले जनाएको छ । भाका नाघेका १९ लाख ९९ हजार र १० लाख ४८ हजार ब्याज उठाउन बाँकी रहेको कृषि विकास बैंक तौलिहवा शाखाका प्रबन्धक कमल न्यौपानेले बताए । रकम बुझाउन आनाकानी गरेपछि बैंकले कर्जा बुझाउन भन्दै पत्रिकामा ऋणीको तीनपुस्ते विवरण, सावाँ, ब्याजसहितको जानकारी सार्वजनिक गरेको छ । विनाधितो लगानी गरिएको रकम उठाउन कडाइ नगरिएकाले ऋणीले रकम फिर्ता गर्न चासो नदिएको पाइएको छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन र कर्जा असुली विनियम तथा प्रचलित ऐन नियमअनुसार ऋणीबाट रकम उठाउन सकिने प्रावधान छ । ऋण नतिर्ने व्यक्तिहरूलाई कालो सूचीमा राखेर सम्पत्ति रोक्का गर्न सकिनेलगायतका प्रक्रिया पनि छन् । लगानीअनुसारको प्रतिफल नदेखेपछि त्यसयता बैंकबाट स्वरोजगार कार्यक्रमबाट ऋण लगानी भएको छैन ।

vnsb

## लेखनाथमा नयाँ रंगशाला

कास्की । कास्कीको लेखनाथमा नयाँ रंगशालाको उद्घाटन भएको छ । उपराष्ट्रपति नन्दबहादुर पुनले ८० लाखको लागतमा निर्मित रंगशालाको शनिबार उद्घाटन गरेका हुन् । रंगशाला निर्माणका लागि फिफा विश्वकप २०२२ कतार मूल आयोजक समितिले ३० लाख रूपैयाँ सहयोग गरेको थियो । यस्तै, लेखनाथ नगरपालिका, राष्ट्रिय खेलकुद परिषद् र लेखनाथ उद्योग वाणिज्य संघले पनि सहयोग गरेका थिए ।

रंगशाला ४५ रोपनी क्षेत्रफलमा फैलिएको छ । प्यारापिट निर्माणका लागि ३५ लाख खर्च भएको छ । यस्तै, मैदान वरिपरि ट्र्याक निर्माणका लागि आठ लाख, फुटबल मैदान मर्मतका लागि तीन लाख तथा मैदान वरिपरि तारजाली लगाउन तीन लाख लागेको आदर्श युवा क्लबका अध्यक्ष लक्ष्यबहादुर भण्डारीले बताए । चेन्जिङ रुम बनाउन पाँच लाख, तालिम हल निर्माण गर्न १२ लाख र मैदानका लागि १४ लाख रूपैयाँ खर्च भएको भण्डारीले जानकारी दिए । दुई वर्षपछि नेपालमा आयोजना हुने १३औं सागका लागि पनि रंगशाला वैकल्पिक बन्न सक्ने विश्वास गरिएको छ ।

फिफा विश्वकप २०२२ कतारको मूल आयोजक समिति सहायक कार्यकारी निर्देशक नसिर अल खतरले थप आठ स्थानमा मैदान निर्माण गर्न सहयोग गर्ने बताए । कास्की, कैलाली र मकवानपुरमा रंगशाला निर्माणमा सहयोग गरेको नरिसको भनाइ छ । नरिसका अनुसार थप आठ ठाउँमा नयाँ रंगशाला बनाउनका लागि कतार सरकारले सहयोग गर्ने जानकारी दिए ।

## गोल्डकपबाट ४५ लाख आम्दानी

झापा । झापामा दुई फुटबल प्रतियोगिताबाट ४५ लाख नाफा भएको छ । झापाले एक करोड ३५ लाख बजेट खर्चदै झापा र शताक्षी गोल्डकप फुटबल प्रतियोगिता आयोजना गरेको थियो । दुवै फुटबल प्रतियोगिताबाट ४५ लाखभन्दा बढी आम्दानी भएको झापा फुटबल संघका अध्यक्ष जलकुमार गुरुङले जानकारी दिएका छन् ।

अध्यक्ष गुरुङले झापा ११ क्लबले १८ चैतदेखि आयोजना गरेको झापा गोल्डकपमा मात्रै २४ लाख रूपैयाँभन्दा बढी नाफा गरेको जानकारी दिए । 'यसअघिका प्रतियोगिता सञ्चालन गर्दा घाटा हुन्थ्यो,' अध्यक्ष गुरुङले भने, 'अहिले फुटबलमा बढ्दै गएको क्रेजले प्रतियोगिता घाटामा जाने अवस्था छैन ।' घोषणा गरेका केही संस्था र व्यक्तिले अहिले पनि रकम दिने क्रम जारी रहेको उनले जनाए । सबै संकलन हुँदा नाफा ३० लाखको हाराहारी पुग्ने उनको भनाइ छ ।

गत महिना दुई फुटबल प्रतियोगिता आयोजना गर्दा आयोजक झापाले ए डिभिजनसाथै विदेशी क्लबलाई पनि सहभागिता गराएको थियो । प्रतियोगितामा टिकट बिक्रीबाट मात्रै ३९ लाख रूपैयाँ संकलन भएको थियो । उनले दाता र टिकट बिक्रीबाट ८२ लाख १७ हजार रूपैयाँ उठेको बताए । त्यसमध्ये ५७ लाख ४५ हजार रूपैयाँ खर्च भएको छ । प्रतियोगिता आयोजक समितिका संयोजक होम पाण्डेले खेल मैदान व्यवस्थापन, प्रचारप्रसार, खेलाडी तथा प्रशिक्षकको आवास तथा भत्तामा रकम खर्च भएको बताए ।

सतासीधाम स्पोर्टिङ क्लबले २५ वैशाखदेखि १ जेठसम्म शताक्षी गोल्डकपको आयोजना आयोजना गरेको थियो । सो प्रतियोगिताबाट २१ लाख ४२ हजार दुई सय १७ रूपैयाँ नाफा भएको आयोजक समितिका आर्थिक संयोजक गणेश प्रधानले बताए । प्रतियोगितामा ५५ लाख ६९ हजार पाँच सय ६० रूपैयाँ संकलन भएको थियो ।

प्रतियोगिताका दुवै आयोजकले संकलितमध्ये केही रकम खेलाडीको विकास र खेल एकेडेमीका लागि सहयोग गर्ने जनाएका छन् । उनीहरूले दाता र दर्शकको उल्लेख्य उपस्थितिले प्रतियोगितालाई आउँदो वर्षमा निरन्तरता दिन हौसला मिलेको जनाएका छन् ।

## विम्बल्डनको तयारीमा नाडाल

स्पेनिस टेनिस खेलाडी राफेल नाडालको लक्ष्य विम्बल्डन ग्रान्डस्लाम जित्नु हो । चोटका कारण नाडालले गत साता फ्रेन्च ओपनबाट नाम झिकेका थिए । दशौंपटक फ्रेन्च ओपन जित्ने सँघारमा रहेका नाडालले क्वार्टरफाइनलबाट नाम फिर्ता लिंदा निकै दुःखी भए । बायाँ हातको नाडीमा लागेको चोट निको हुन अझै केही दिन लाग्ने उनले बताएका छन् ।

विम्बल्डन टेनिस सुरू हुन दुई साता बाँकी छ । वर्षको तेस्रो ग्रान्डस्लाम सुरू हुन एक साताअघि उनले अभ्यास थाल्नेछन् । नाडाल आफूलाई फ्रेस बनाउन नियमित रूपमा स्पेनकै इबिजा बिचमा गइरहेका छन् । त्यहाँ उनले आफ्नो ट्रेनरसँग आगामी दिनबारे छलफल गरेको स्पेनिस पत्रिका एल मार्काले जनाएको छ । 'नाडाल अहिले फ्रेस देखिन्छन्, उनी नियमित रूपमा इबिजा जाने गरेका छन्,' मार्काले उल्लेख गरेको छ ।

Sajha Express (p.) Ltd.
Domestic & INT 'L Courier Cargo Service
Head Office
Hanumansthan, Anamnagar
Po Box 14189 Kathmandu,
Nepal, Tel .4230789 ,4230269
Branch Office
Barnwal Market, Birgunj
Hari Panta (Branch Manager),
Tel. 051-526809 , 9855021524

# /Elg va/



## गायक वैद्य सम्मानित

पुराना गायक योगेश वैद्यलाई महिला गीतकार संघले शनिबार राजधानीमा एक समारोहबीच अभिनन्दन गरेको छ । वैद्य विगत पाँच दशकदेखि नेपाली संगीत क्षेत्रमा क्रियाशील छन् ।

गायक वैद्यलाई नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त), उपकुलपति शम्भुजित बास्कोटा, श्रम तथा रोजगारमन्त्री दीपक बोहरा, गीतकार रत्नशमशेर थापा, किरण खरेल, डा. भोला रिजाल, महिला गीतकार संघकी अध्यक्ष उन्नति बोहरा 'शिला'लगायतले सम्मान गरेका हुन् । उनलाई नगद ५० हजारसहित दोसल्ला ओढाएर सम्मान गरिएको थियो । सोही कार्यक्रममा ग्रिनसिटी अस्पताल वसुन्धराका तर्फबाट अध्यक्ष लोकबहादुर टन्डनले वैद्यलाई ५० हजार रुपैयाँ प्रदान गरे ।

कार्यक्रममा प्राज्ञ उन्नति बोहराको ११औँ गीतिसंग्रह 'यो लामो जिन्दगी...' सार्वजनिक गरियो । संगीत तथा नाट्य एकेडेमीका कुलपति सरुभक्त, श्रममन्त्री बोहरालगायतले गीतिसंग्रहको विमोचन गरे । गीतकार बोहराको एकल रचना रहेको गीतिसंग्रहका सबै गीतमा संगीतकार बास्कोटाको संगीत र योगेश वैद्यको एकल स्वर छ ।

## जेठमा साउने झरी

लेखक अभिमन्यु निरवीको कथासंग्रह 'साउने झरी' विमोचन भएको छ । राजधानीमा शनिबार अभिनेता दयाहाङ राई, लेखक युग पाठक, कुमारी लामा र आहुतीले कृतिको विमोचन गरेका हुन् । निरवी पटकथा लेखनमा चिनिएको नाम हो ।

विमोचनमा अभिनेता राईले कथा तथा पात्रलाई केलाउँदै तिनका 'ब्याक स्टोरी' लेखेकोमा निरवीको



प्रशंसा गरे । उनले भने, 'निरवी कथामा पात्रहरूका चरित्रलाई चित्रण गर्न अग्रसर हुनुहुन्छ ।' कुमारी लामाले कथाहरूमाथि टिप्पणी गर्दै कथाले उठान गरेका विषयहरु सामाजिक तथा गहन रहेको बताइन् ।

त्यस्तै, कार्यक्रममा आहुती र युग पाठकले कथाकार निरवीले कथाका विषयलाई सटीक ढंगले उठान गरेको बताए । पाठकले भने, 'हामी लेखकहरूले अब सजग हुँदै समाजलाई केही दिन उपल्लो तहबाट सोचेर लेख्नुपर्छ ।' 'अन्तराल', 'श्री ५ अम्बरे', 'वडा नम्बर ६'लगायतका फिल्म लेखिसकेका निरवीको यो पहिलो कथासंग्रह हो । पुस्तकलाई लेजेन्ड बुक्सले प्रकाशन गरेको हो ।

## नेपाल-बंगलादेशबीच साहित्य-संस्कृति निरन्तर साटिने

नेपाल र बंगलादेशका साहित्यकारले साहित्य र संस्कृतिलाई निरन्तर आदान-प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । बंगलादेश गएको नेपाल स्रष्टा समाजको टोली र त्यहाँका साहित्यकारबीच यस्तो प्रतिबद्धता भएको हो । पाँचदिने भ्रमणमा गएको टोलीमा सातजना नेपाली साहित्यकार थिए ।

ढाकास्थित शिल्पकला एकेडेमीमा भएको भेलामा बंगलादेश संसद्का उपसभामुख फजल रब्बी मियाले नेपाल र बंगलादेशबीच सांस्कृतिक र भावनात्मक सम्बन्ध गहिरो भएको बताए । उनले यसलाई अझ गाढा बनाउनुपर्नेमा जोड दिँदै भने, 'अब साहित्यिक सम्बन्धलाई पनि प्रगाढ बनाउँदै लेखनमार्फत सांस्कृतिक आदान-प्रदान गर्नुपर्छ ।' बंगलादेशका लागि नेपाली कार्यवाहक राजदूत सुशीलकुमार लम्सालले पनि कार्यक्रममा बंगलादेशी नागरिक नेपालसँगको सम्बन्ध सुमधुर भएको चाहना राख्ने बताए ।

नेपाल स्रष्टा समाजका अध्यक्ष पवन आलोकले साहित्य र संस्कृतिका अलाबा जनता-जनताबीचको सम्बन्ध पनि सुमधुर हुनुपर्नेमा जोड दिए ।

## पानीमाथि कवितामा भिखारी

मोरङको सुन्दरदुलारीस्थित गोकुलम रिसोर्टमा भएको कविता कार्यक्रम पानीमाथि कवितामा कवि बद्री भिखारीले कविता सुनाएका छन् । इटहरीका कवि भिखारीले कार्यक्रममा एक दर्जनभन्दा धेरै कविता सुनाए ।

रिसोर्टको पोखरीमा निर्माण गरिएको जहाजभित्रको हलमा कार्यक्रम गरिएको थियो । त्यसैले, कार्यक्रमको नामै पानीमाथि कविता राखिएको आयोजक तथा कवि हेमन यात्रीले जानकारी दिए ।

कार्यक्रममा कवि मनु मञ्जिलले बद्री भिखारीका कविताहरु अब्बल रहेको बताए । उनका कविताले सधैँ मानिसलाई ऊर्जा प्रदान गर्ने मञ्जिलको भनाइ थियो ।

## प्रदर्शनीमा कार्टुन

विश्वमा वातावरणमा परिरहेको प्रभाव र त्यसले पारेको असरका बारेमा एक साता लामो कार्टुन प्रदर्शनी नेपाल आर्ट काउन्सिलमा आइतबारदेखि सुरु भएको छ । वातावरणविद् डा. तीर्थबहादुर श्रेष्ठले उद्घाटन गरेको कार्यक्रमको आयोजना वन्यजन्तु पीडित उद्धार कोषले गरेको हो । कार्यक्रमलाई कार्टुनिस्ट क्लब अफ नेपाल, दी आर्ट क्लब नेपाल, रेड कार्यान्वयन केन्द्र, डब्लुडब्लुएफ नेपालले सहयोग गरेका छन् ।

विश्व वातावरण दिवसको सन्दर्भ पारेर गरिएको कार्टुन प्रदर्शनीमा २० जना कार्टुनिस्टका करिब चार दर्जन कार्टुन राखिएको छ । प्रदर्शनीमा दुर्गा बराल 'वात्स्यायन', अशोकमान सिंह, अविन श्रेष्ठ, धीरेशकुमार दहाल 'डिकेड', राजेश केसी, देवेन्द्र थुम्केली, केशवराज खनाल, जीवन राजोपाध्याय, दीपक गौतम, उमेशचन्द्र अधिकारी, भानु भट्टराई, सुदर्शनविक्रम राणा, सुनीता राणा, हिमालय गौतम, रवीन्द्र मानन्धर, योगेशकुमार खपाङ्गी, सागर शाह, रवि मिश्र, अकृन र आरके थापाका कार्टुन राखिएका छन् ।

## सम्झनामा फत्तेमान सार्वजनिक

वासुशशी स्मृति परिषद्ले वरिष्ठ गायक एवं संगीतकार फत्तेमान राजभण्डारीको स्मृतिमा 'सम्झनामा फत्तेमान' नामक कृति प्रकाशन गरेको छ । पुस्तक नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरुभक्त श्रेष्ठले सोमबार विमोचन गरे । कार्यक्रममा उनले भने, 'गायनमा एउटा उचाइ कायम गरेका गायक फत्तेमानलाई अब शब्द र स्वरमा भेटिने भएकाले त्यसको जगेर्नातर्फ सचेत हुनुपर्छ ।'




कार्यक्रममा वरिष्ठ गीतकार तथा चलचित्रकर्मी यादव खरेलले फत्तेमानको गायन निकै लोकप्रिय रहेको बताउँदै उनलाई अब स्मृतिमा जीवन्त राख्न र उनका गायनबारे अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउन परिवार र शुभेच्छुकहरूले सहयोग गर्नुपर्ने बताए । कार्यक्रममा संगीतकार शम्भुजित बासकोटाले गायक फत्तेमान स्वर र संगीतका मामिलामा स्पष्टवक्ता भएको बताए ।

कार्यक्रममा गायिका संगीता शाक्यले फत्तेमानको 'यस्तो पनि हुँदो रहेछ', गायक शैलेश सिंहले 'बनै खायो डढेलोले' र युस्के केसीले 'रक्तिम अधर छ तिम्रो' गाए । पुस्तकमा फत्तेमानको सांगीतिक यात्रा तथा विभिन्न स्रष्टाका ७० लेखरचना समावेश छन् । पुस्तकको सम्पादन परिषद्का सचिव प्रद्युम्न जोशीले गरेका हुन् ।

# skf/6

## एभरेष्टको चिपमा आधारित भिसा क्रेडिट कार्ड सेवा

एभरेष्ट बैंकले ग्राहकलाई सुरक्षित कार्ड सेवा उपलब्ध गराउने उद्देश्यले चिपमा आधारित इएमभी स्ट्यान्डर्ड भिसा क्रेडिट कार्ड सेवा सुरू गरेको छ । बैंकको प्रधान कार्यालयमा आयोजित कार्यक्रममा बैंक सञ्चालक समिति अध्यक्ष बि.के. श्रेष्ठ र कार्यकारी निर्देशक पन्जाब नेसनल बैंक, भारतका डा. राम एस. संगापुरेले संयुक्त रूपमा सेवा सुरू गरेका थिए ।

कार्यक्रममा बैंकका सिइओ एके अहलुवालियाले सेवापछि ग्राहकले सुरक्षित कार्ड सेवा मात्र नभई सहज रूपमा सुरक्षित बैंकिङ सेवा लिन सक्ने र व्यक्तिगत गोपनियतासमेत संरक्षण हुने बताए ।

बैंकले सुरु गरेको चिपमा आधारित भिसा क्रेडिट कार्ड सेवा ग्राहकले अधिकतम ४५ दिन सम्मको निर्ब्याजी ऋण सुविधा उपयोग गर्न सक्ने बैंकले बताएको छ । बैंकको यस्तो कार्ड भारत र नेपालमा प्रयोग गर्न सकिनेछ । राष्ट्र बैंकको निर्देशनअनुरूप भिसा डेबिट कार्ड चिप प्रविधिमा आधारित भई उपलब्ध गराइन थालेको बैंकको भनाइ छ । बैंकले हाल ६१ शाखा, ५ एक्सटेन्सन काउन्टर, २४ राजस्व संकलन काउन्टर र ८५ एटिएम तथा बृहत् बाह्य सञ्जालमार्फत सेवा प्रदान गर्दै आइरहेको छ ।

## डुम्रेबजारमा पोखरा फाइनान्स

पोखरा फाइनान्सले तनहुँको डुम्रेबजारमा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । डुम्रेसहित कम्पनीका शाखा सञ्जाल ५ पुगेका छन् ।

डुम्रे शाखाबाट ग्राहकले सबै किसिमका कर्जा तथा बचतका सुविधा उपयोग गर्न सक्ने कम्पनीले बताएको छ ।

चुक्ता पुंजी ४९.११ करोड रहेको कम्पनीले चालू आव ०७२/०७३ चैत मसान्तसम्म निक्षेप ३ अर्ब ९ करोड ५५ लाख तथा कर्जा २ अर्ब ५२ करोड २२ लाख प्रवाह गरी सञ्चालन मुनाफा करिब ७ करोड २१ लाख रूपैयाँ आर्जन भएको प्रमुख कार्यकारी अधिकृत राजकुमार गुरूङले जानकारी दिए ।

## काष्ठमण्डप-पश्चिमाञ्च फाइनान्स प्राप्ति सम्झौता

काष्ठमण्डप डेभलपमेन्ट बैंक (केडिबिएल) र पश्चिमाञ्चल फाइनान्स कम्पनीबीच प्राप्ति सम्झौता भएको छ ।

काठमाडौंको न्युरोडमा केन्द्रीय कार्यालय रहेको काष्ठमण्डप डेभलपमेन्ट बैंक र रुपन्देहीको बुटवलमा केन्द्रीय कार्यालय रहेको पश्चिमाञ्चल फाइनान्सबीच प्राप्तिसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको हो ।

सम्झौताअनुसार काष्ठमण्डप डेभलमेपेन्ट बैंकले फाइनान्स कम्पनीलाई प्राप्ति गर्नेछ । सम्झौतामा काष्ठमण्डप सञ्चालक समिति अध्यक्ष जगन्नाथ ज्ञवाली तथा पश्चिमाञ्चल फाइनान्सका अध्यक्ष गोपालबहादुर पोखरेलले हस्ताक्षर गरेका थिए । राष्ट्र बैंकद्वारा जारी निर्देशनबमोजिम ०७४ असार मसान्तसम्म राष्ट्रियस्तरको विकास बैंकका लागि निर्धारित २ अर्ब ५० करोड पुंजी पुऱ्याउने क्रममा दुई संस्थाबीच सम्झौता भएको हो ।

प्राप्तिसम्बन्धी सम्झौताअनुरूप दुई संस्था एक भएपछि बैंकको पहुँच पश्चिमाञ्चलको स्याङ्जा, पाल्पा र मध्यपश्चिमाञ्चलका दाङलगायत जिल्लामा पुग्नेछ । बैंकले यसअघि गत जेठ १७ मा महाकाली विकास बैंकसँग प्राप्ति सम्झौता गरिसकेको छ । बैंकका हाल मुलुकभर १९ शाखा सञ्जाल छन् भने पश्चिमाञ्चल फाइनान्सका ९ शाखासमेत प्राप्तिपछि कुल शाखा संख्या ३५ पुग्नेछ ।

## सिद्धार्थमा 'फुड एन्ड फन' सुरू

सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटी प्रालिले बुटवलको सिद्धार्थ कटेजमा शनिबारदेखि तीनदिने 'फुड एन्ड फन' कार्यक्रम सुरू गरेको छ । पर्यटनमन्त्री आनन्दप्रसाद पोखरेलले 'फुड एन्ड फन' कार्यक्रम उद्घाटन गरेका हुन् ।

जेठ २४ सम्म जारी रहने फुड एन्ड फनमा सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीका मुलुकभर रहेका १३ शाखाले आ-आफ्ना स्वादअनुसारका फुड स्टल राखेका छन् । ती स्टलबाट ग्राहकलाई नयाँ-नया स्वाद उपलब्ध गराइने कम्पनीले बताएको छ । मेला अवधिमा गृहणीलाई खाना परिकार तालिम, बालबालिकाको प्रतिभा उजागर गर्न किड्स आर्ट कन्टेस्ट सेगमेन्टअन्तर्गत चित्रकला, नृत्यलगायत कार्यक्रम सञ्चालन गरिने सिद्धार्थ बिजनेस ग्रुप अफ हस्पिटालिटीका कार्यकारी प्रमुख कृष्ण न्यौपानेले जानकारी दिए ।

बुटवलपछि कम्पनीले अन्य शाखामा पनि फुड एन्ड फन कार्यक्रम गरिने बताइएको छ । झन्डै १८ वर्षअघि कैलालीको टीकापुरबाट रेस्टुरेन्ट व्यवसाय सुरु गरी गुणस्तरीय सेवामार्फत मुलुककै लोकप्रिय ब्रान्ड बनेको सिद्धार्थ बिजनेस ग्रुपले व्यवसायसँगै सामाजिक सेवाका क्षेत्रमा समेत काम गर्दै आएको छ ।

## नबिलका दुई शाखा स्थानान्तरण

नबिल बैंकले बालाजु र घोराही शाखा स्थानान्तरण गरेको छ । बैंकले बालाजु शाखा चक्रपथ, माछापोखरीमा र घोराही शाखा सहिद उमेशमार्गमा स्थानान्तरण गरिएको बताएको हो । बैंकले स्थानान्तरित दुवै शाखाबाट ग्राहकले बैंकिङ सेवा-सुविधा सहज रूपमा उपयोग गर्न सक्ने जनाएको छ । बैंकले हाल ५२ शाखा, ९० एटिएम, १ हजार ४ सयभन्दा बढी नबिल रेमिट एजेन्टमार्फत कारोबार गर्दै आएको छ ।